# अध्याय पाँच

# मिडिया स्रोत सामग्रीको उपलब्धता र पहुँच

## परिचय

सम्बन्धित विषयको स्रोत सामग्रीबिना कुनै पनि अध्ययन अनुसन्धान अगाडि बढ्न सक्दैन । यस अर्थमा स्रोत सामग्री अनुसन्धान कार्यको लागि प्रमुख आधार हो । बौद्धिक कसरतबाट समाजमा एक व्यक्ति वा संस्थाले उत्पादन गरेका सामग्री अर्कोका लागि स्रोत सामग्री बन्न जान्छन् । कुनै पनि बौद्धिक सामग्री तयार भएपछि सो कामको उपादेयता त्यतिमै सीमित हुँदैन, त्यसको दीर्घकालीन प्रयोजन हुने गर्दछ । यस्ता सामग्रीको व्यवस्थित सङ्ग्रह र उचित संरक्षण भएन भने भावी पुस्ताले त्यसबाट लाभ लिन सक्दैनन् । यसका लागि कहीँ न कहीबाट पहल हुनु आवश्यक छ । यो काम व्यक्तिगत प्रयासबाट मात्र सम्भव हुँदैन, यसका निम्ति संस्थागत रूपमा नै पहलकदमी हुनु पर्दछ । त्यसै भएर समाजमा सार्वजनिक पुस्तकालय, अभिलेखालय वा स्रोत सामग्री केन्द्रहरू स्थापना गरिएका हुन्छन्, जहाँ विभिन्न स्थानमा उत्पादन भएका तथा छरिएर रहेका बौद्धिक सम्पत्ति भण्डार गरिन्छ र तिनलाई सार्वजनिक प्रयोजनका लागि खुल्ला गरिएको हुन्छ । त्यहाँ गएर सामान्य पाठकदेखि विद्यार्थी र अनुसन्धानकर्तासम्मले विभिन्न विषयका सामग्रीहरू अध्ययन गरी आफ्नो ज्ञानको दायरा फराकिलो बनाउन सक्छन् । धेरैतिर छरिएका सामग्री एउटै स्थानमा समेटिनु तथा ऐतिहासिक महत्त्वका दुर्लभ सामग्रीहरू पनि

सजिलै उपलब्ध हुनु नै यिनको विशेषता हो । यिनले कुनै पनि अध्ययन तथा अनुसन्धानका लागि व्यक्तिको परिश्रम, खर्च र समयको बचत गरिदिनुका साथै ऐतिहासिक महत्त्वका सामग्रीमाथिको पहुँचलाई सहज बनाइदिन्छन् । तसर्थ यस्ता संस्थाहरू प्राज्ञिक अनुसन्धानका महत्त्वपूर्ण पूर्वाधार हुन् ।

नेपाली मिडियासम्बन्धी अनुसन्धानका लागि सम्बन्धित विषयका पुस्तक, पत्रपत्रिका, जर्नल, प्रतिवेदन (प्रकाशित वा अप्रकाशित), शोधपत्र, कार्यपत्र, अनुसन्धानमूलक/वैचारिक लेखहरू, पर्चा, पम्फलेट, चिट्ठीपत्र, वृत्तचित्र र फिचर फिल्म, अडियो क्यासेट, फोटो, रेडियो र टेलिभिजनका कार्यक्रम साथै समाचार, ब्लगदेखि अनलाइन पोर्टलसम्मलाई स्रोत सामग्रीका रूपमा लिन सकिन्छ । यस्ता सामग्री विभिन्न सार्वजनिक स्थानमा सङ्गृहीत भइरहेका हुन्छन् । तर मिडियाबारे अध्ययन गर्न चाहनेलाई त्यसबारेको यथार्थ जानकारी पाउन सहज छैन । त्यसैले यो अध्यायमा नेपालमा मिडियाको अध्ययन वा अनुसन्धानका लागि आवश्यक हुन सक्ने स्रोत सामग्रीको उपलब्धता र तिनमाथि सम्बन्धित व्यक्तिको पहुँचको अवस्था के छ भन्नेबारेको जानकारी दिइएको छ । यस क्रममा बजारदेखि सार्वजनिक पुस्तकालय तथा अभिलेखालयसम्ममा मिडियाका स्रोत सामग्रीको उपलब्धताको अवस्थालाई समेटिएको छ । यसका लागि यो अध्ययनलाई मूलतः छओटा खण्डमा विभाजन गरिएको छ ।

पहिलो खण्डमा मिडियाका सामग्रीको उपलब्धताको सन्दर्भमा नेपाली बजारको अवस्थाबारे चर्चा गरिएको छ । यसभित्र नेपाली बजारमा के कति मात्रामा मिडियाका सामग्री उपलब्ध हुन सकेका छन् र त्यस निम्ति के कस्ता विक्रेताहरू सक्रिय छन् भन्नेतर्फ ध्यान दिइएको छ । दोस्रो खण्डमा उपत्यकाका पुस्तकालय र अभिलेखालयबारेको चर्चा छ । खास गरी ती संस्थामा उपलब्ध सामग्री र तिनले दिने सेवाको आधारमा यो खण्डलाई पुस्तकालय र अभिलेखालय भन्ने दुईओटा उपखण्डमा विभाजन गरिएको छ । पुस्तकालयअन्तर्गत जुनसुकै प्रकारका सामग्री अर्थात् विभिन्न विधाका नयाँ-पुराना पुस्तक, प्रतिवेदन, पत्रपत्रिका आदिको सङ्कलन गर्ने पुस्तकालयहरू– त्रिवि केन्द्रीय पुस्तकालय, नेपाल राष्ट्रिय पुस्तकालय, केशर पुस्तकालय, काठमाडौँ उपत्यका सार्वजनिक पुस्तकालय र सोसल साइन्स बहाःको अवस्थाबारे उल्लेख गरिएको छ । अभिलेखालय शीर्षकअन्तर्गत पुराना र ऐतिहासिक महत्त्वका सामग्रीहरूको दीर्घकालीन संरक्षण र उपयोगका लागि स्थापित राष्ट्रिय अभिलेखालय, मदन पुरस्कार पुस्तकालय र प्रेस काउन्सिल नेपाललाई समेटिएको छ । तेस्रो खण्डमा पत्रकारिताको स्नातकोत्तर तहको पठनपाठन हुने शिक्षण संस्थाहरू रत्नराज्यलक्ष्मी (आरआर) क्याम्पस, कलेज अफ

जर्नालिजम् एण्ड मास कम्युनिकेसन (सिजेएमसी) र कान्तिपुर सीटी कलेज (केसीसी) मा उपलब्ध मिडियाका स्रोत सामग्री र तिनमाथि विद्यार्थीको पहुँचको अवस्थाबारे टिप्पणी गरिएको छ । चौथो खण्डमा पत्रकारिताका विभिन्न पक्षको वकालत गर्न, अनुसन्धान गर्न तथा प्रवर्द्धन गर्नका लागि खुलेका गैर सरकारी सङ्घसंस्थाहरूमा भएका सङ्कलनबारे सङ्क्षिप्त चर्चा गरिएको छ । पाँचौं खण्ड रेडियो र टेलिभिजनमा प्रसारित सामग्रीको उपलब्धताबारे छ । यसअन्तर्गत प्रसारण माध्यममा बजेका सामग्रीबारे अध्ययन गर्नका लागि सम्बन्धित संस्थाहरूको टेप लाइब्रेरीको अवस्था कस्तो छ भन्ने चर्चा गरिएको छ । अन्तिम छैठौं खण्डमा भने मार्टिन चौतारीअन्तर्गत स्थापना गरिएको मिडिया स्रोत सामग्री केन्द्रबारेको चर्चा छ । यसअन्तर्गत त्यहाँ सङ्गृहीत सामग्रीको अवस्था, तिनमाथि पाठकको पहुँच र आइपरेका चुनौतीलाई समेटिएको छ ।[1] अन्तमा निष्कर्ष प्रस्तुत छ ।

यो अध्यायका केही सीमा पनि छन् । मूलतः यसमा काठमाडौंमा अवस्थित पुस्तकालय वा स्रोत सामग्री केन्द्रहरूलाई मात्र समेटिएको छ ।[2] उपत्यकाबाहिर पनि साना ठूला थुप्रै सार्वजनिक पुस्तकालय छन् । तर तिनलाई यहाँ समेटिएको छैन । यो अध्ययन काठमाडौं उपत्यकाका विभिन्न पुस्तकालय, पत्रकारितामा स्नातक र स्नातकोत्तर तह पढाइ हुने शैक्षिक संस्थाहरू र मिडियाको विभिन्न पक्षबारे काम गर्न खुलेका संस्थासम्बद्ध व्यक्तिहरूसँगको अन्तर्वार्ता र ती संस्थाका पुस्तकालयको अवलोकनका आधारमा गरिएको हो ।

## नेपाली बजारको स्थिति

केही वर्ष पहिले नेपालमा मिडियासम्बन्धी स्रोत सामग्रीको बजार निकै कम थियो । यो अवस्थामा अहिले केही सुधार भएको मान्न सकिन्छ । पत्रकारिता तथा

---

[1] एकथरी सार्वजनिक पुस्तकालय वा अभिलेखालयहरू मिडियालाई केन्द्रित गरेर स्थापना गरिएका होइनन् । अर्काथरी पुस्तकालय मूल रूपले आफ्नो क्याम्पसका विद्यार्थीको प्रयोजनका लागि वा आफ्नै संस्थाको आन्तरिक प्रयोजन र सङ्कलनका लागि मात्र स्थापना गरिएका हुन्, मिडिया पुस्तकालयका रूपमा स्थापना भएका होइनन् । मिडियालाई नै केन्द्रित गरी सार्वजनिक प्रयोजनका लागि खुलेको पुस्तकालय अहिलेको हकमा मार्टिन चौतारीको मिडिया स्रोत सामग्री केन्द्र मात्र हो । तसर्थ यसलाई यहाँ छुट्टै शीर्षकअन्तर्गत राखेर अलि विस्तारमा चर्चा गरिएको हो ।

[2] यो अध्याय काठमाडौंका पुस्तकालयमा रहेका समग्र सामग्रीबारे नभई मिडियाका सामग्रीबारे मात्र केन्द्रित छ । काठमाडौंका पुस्तकालयका समग्र अवस्थाबारे मार्टिन चौतारीले २०६४ असोज १० मा विशेष अन्तर्क्रिया गरेको थियो । सो कार्यक्रममा राष्ट्रिय अभिलेखालयबाहेक पुस्तकालयसम्बद्ध व्यक्ति (श्रेष्ठ २०६४, थापा २०६४, कसाः २०६४, डङ्गोल २०६४, भट्टराई २०६४, लामिछाने २०६४ र सिंह २०६४) ले कार्यपत्र पनि प्रस्तुत गरेका थिए । यी कार्यपत्रहरू चौतारी मिडिया स्रोत सामग्री केन्द्रमा उपलब्ध छन् ।

आमसञ्चारको पठनपाठनमा तीव्रता आउन थालेपछि सोही अनुरूपका पाठ्यसामग्रीको माग भयो । यो मागलाई पूर्ति गर्न नेपाली प्रकाशनले मात्र धान्न सक्ने अवस्था थिएन र अझै छैन । तसर्थ मिडियासम्बन्धी पाठ्यपुस्तकका लागि विदेशी प्रकाशनको भर पर्नुपर्ने अवस्था छ । अझ भन्ने हो भने विदेशी प्रकाशन संस्थाका पुस्तकहरूले नेपाली मिडिया अध्ययन र अध्यापनको क्षेत्रमा एक प्रकारको आधिपत्य नै कायम गरेका छन् । यद्यपि नेपाली मिडियाको पुस्तक प्रकाशनमा पनि देशभित्र विस्तारै आशालाग्दा सङ्केतहरू देखिन थालेका छन् ।[३]

काठमाडौँको बजारमा पुराना र भारतमा प्रकाशित पाठ्यपुस्तक मात्र उपलब्ध हुने गरेकोमा अब नयाँ नयाँ र विदेशी प्रकाशन संस्थाका पुस्तक पाइन थालेका छन् । मिडियालाई विभिन्न विधासँग जोडेर पुस्तक प्रकाशन गर्ने क्रममा पनि विविधता आउन थालेको छ । नयाँ विषय र तीसँग मिडियाको सम्बन्धलाई हेर्ने र अध्ययन गर्ने प्रवृत्तिले बजारमा तिनको उपलब्धतालाई पनि प्रभाव पारेको छ । दक्षिण एसियालाई केन्द्र मानेर पश्चिमा पुस्तक प्रकाशन गृहहरूले भारतमा आफ्ना प्रदर्शन तथा विक्री कक्ष खोल्न र आफ्ना कतिपय पुस्तकका दक्षिण एसियाली (साउथ एसियन) संस्करण निकाल्न थालेका छन् । पश्चिमा विश्वविद्यालय र अनुसन्धान केन्द्रमा सन्दर्भ सामग्रीका रूपमा अत्यधिक प्रयोग गरिएका पुस्तकहरूको भारतमा पुनर्मुद्रण हुन थालेपछि दक्षिण एसियालगायतका नेपाली पाठकले पनि तिनको उपयोग गर्न सक्ने अवस्था आएको छ ।

मिडियामाथि नै विभिन्न कोणबाट अध्ययन अनुसन्धान हुन थालेपछि स्रोत सामग्रीको आवश्यकता बढ्यो । नेपालमै यस्ता स्रोत सामग्रीको उत्पादन कम हुने तर यसले राम्रो बजार लिने सङ्केत देखेपछि काठमाडौँका पुस्तक पसलहरूले पनि मिडियासम्बन्धी महँगा-महँगा पुस्तकमाथि लगानी गर्न थालेका छन् । खास गरी ठूलाठूला विदेशी प्रकाशन संस्थाका पुस्तकलाई नेपालमा उपलब्ध गराउन नेपाली पुस्तक विक्रेताले पहल गरेका छन् । मिडियाका विदेशी पुस्तक पाइने उपत्यकाका प्रमुख पुस्तक पसलहरू भृकुटी एकेडेमिक बुक्स, मण्डला बुक प्वाइन्ट, एकता बुक्स, बज्र बुक्स, पिलग्रिम्स बुक्स र रत्न पुस्तक भण्डार हुन् । भृकुटी एकेडेमिक बुक्सले ठूला अन्तर्राष्ट्रिय प्रकाशक– सेज पब्लिकेशन्स र क्याम्ब्रिज युनिभर्सिटी प्रेसको नेपाली वितरकका रूपमा काम गरिरहेको छ र यो सँग विदेशी प्रकाशन संस्थाका उत्पादनहरूको सबभन्दा ठूलो सङ्ग्रह छ । यसले

[३] नेपाली मिडियाका पुस्तक प्रकाशनको अवस्थाबारे यसै पुस्तकको अध्याय ३ मा र पुस्तक उत्पादन प्रक्रियाबारे अध्याय ४ मा विस्तृत रूपमा चर्चा गरिएको छ ।

सेज र क्याम्ब्रिजका साथै अक्सफोर्ड, पाल्ग्रेभ, रुटलेज जस्ता अन्तर्राष्ट्रिय रूपमा ख्यातिप्राप्त प्रकाशन गृहका महँगा किताबमाथि प्रशस्त लगानी गरेर नेपाली बजारमा तिनको उपलब्धतालाई सजिलो बनाएको छ। नेपाली बजारमा बढी माग भएका पुस्तकलाई यसले आफैँ सेजसँग मिलेर छपाएको पनि छ। पत्रकारिता तथा आमसञ्चारको अध्ययन/अध्यापनमा अत्यधिक प्रयोगमा आउने पुस्तक डेनिस मक्वेलको *मास कम्युनिकेसन थ्योरीज* (फिफ्थ एडिसन) यसको उदाहरण हो। यो पुस्तकलाई यसको ओरिजिनल मूल्य भन्दा निकै सस्तोमा उपलब्ध गराइएको छ। सेजसँग निश्चित प्रति किनिदिने सर्त (उदाहरणका लागि ३०० प्रति) गरेपछि सेज र भृकुटी सहप्रकाशक बनेर सस्तो संस्करण छाप्ने गरेको देखिन्छ। भृकुटी एकेडेमिक बुक्सका लिखत पाण्डे उपत्यकाका विभिन्न क्याम्पस र अनुसन्धान केन्द्रले माग गरेका मिडियाका अधिकांश पुस्तक आफूले नै पूर्ति गरेको दाबी गर्छन्।[४]

आधिकारिक तथ्याङ्कको अभावमा सङ्ख्या एकिन नभए पनि हिजोआज काठमाडौँ उपत्यकामा पुस्तक पसलहरूको सङ्ख्या उल्लेख्य छ। सडक पुस्तक पसलको पनि सङ्ख्या बाक्लै छ। खास गरी नेपाल वायुसेवा निगम अगाडि (जुन आरएनएसीका नामले बढी चिनिन्छ) तथा भृकुटी मण्डपमा यस्ता पसल रहेका छन्। व्यक्तिले एकपटक प्रयोग गरिसकेका पुस्तक सस्तो मूल्यमा उपलब्ध गराउनु यिनको विशेषता हो। कतिपय अवस्थामा ठूला पसल, सार्वजनिक पुस्तकालय र विषय केन्द्रित स्रोत सामग्री केन्द्रले अनेक प्रयास गर्दा पनि उपलब्ध गराउन नसक्ने दुर्लभ पुस्तकहरू समेत यहाँ आइपुग्ने गर्दछन्। यसरी यी पसलले व्यक्ति/संस्थाका आवश्यकता पूरा गर्नका लागि महत्त्वपूर्ण भूमिका खेलेका छन्।

नेपाली मिडियाका पुस्तक पाइने प्रमुख पसलहरू भोटाहिटीस्थित विद्यार्थी पुस्तक भण्डार, पुतलीसडकस्थित प्रशान्ति पुस्तक भण्डार र पैरवी बुक्स तथा बागबजारस्थित हिमालयन बुक्स हुन्।[५] हिमालयन बुक्सबाहेक यी सबै नेपाली मिडिया पुस्तकको प्रकाशनमा नाम चलेका प्रकाशन गृह पनि हुन्। विदेशी मिडियाका पुस्तकका तुलनामा नेपाली पुस्तक खासै महँगा छैनन्। औसतमा २५० देखि ३०० रुपियाँसम्ममा पाइन्छन्। बजारले पुस्तक, पत्रिका वा जर्नलको

---

४ लिखत पाण्डेसँग २०६४ साउन १० मा गरिएको कुराकानी।

५ यीबाहेकका अन्य पसलमा पनि छिटपुट सामग्री पाइन्छन्। तर नियमित रूपमा पाइने पसल भने यिनै हुन्।

उपलब्धतालाई सघाएको हुन्छ तर अन्य सामग्री (प्रतिवेदन, वृत्तचित्र आदि) बजारमा उपलब्ध हुँदैनन् । यस्ता सामग्री हेर्ने वा पाउने सुविधा पुस्तकालय, अभिलेखालय र स्रोत सामग्री केन्द्रमा हुन्छ ।

## पुस्तकालय र अभिलेखालय

आफूलाई आवश्यक सबै सामग्री किनेर पढ्न कठिन हुने अवस्थामा विभिन्न पुस्तकालय र अभिलेखालयले त्यस्ता सामग्री उपलब्ध गराएर अनुसन्धानकर्तालाई मद्दत गर्दछन् । मूल रूपमा अन्य विधाका सामग्री धेरै मात्रामा सङ्ग्रह गरिने काठमाडौँका यस्ता ठाउँहरूमा मिडिया भने उस्तो प्राथमिकतामा परेको देखिँदैन । अन्य विषयका पुस्तक सङ्ग्रह गर्दा या निरन्तर पुस्तकालय धाउने पाठकले अनुरोध गरेको अवस्थामा ल्याइएका मिडियाका पुस्तक नै त्यहाँ उपलब्ध हुने मिडिया स्रोत सामग्री हुन् । काठमाडौँमा स्थापित केही प्रमुख पुस्तकालय र अभिलेखालयको अवस्थालाई छुट्टाछुट्टै शीर्षकमा राखेर निम्न रूपमा चर्चा गर्न सकिन्छः

### *पुस्तकालय*

**त्रिवि केन्द्रीय पुस्तकालयः** यो पुस्तकालय त्रिभुवन विश्वविद्यालयको स्थापनासँगै २०१६ सालमा जन्मेको नेपालकै सबैभन्दा ठूलो पुस्तकालय हो । काठमाडौँको कीर्तिपुरमा अवस्थित यस पुस्तकालयमा समाज विज्ञानलगायत विभिन्न विधाका पुस्तक, त्रिविअन्तर्गत विभिन्न विभागबाट सम्पन्न भएका शोधपत्र, राष्ट्रिय/अन्तर्राष्ट्रिय जर्नल र केही प्रतिवेदनका साथै संयुक्त राष्ट्रसङ्घका विभिन्न विभागअन्तर्गतका प्रकाशन (यूएन कलेक्सन) पनि उपलब्ध छन् । विश्वविद्यालयका पाठ्यक्रममा आधारित सामग्री बढी रहेको यो पुस्तकालयका प्रयोगकर्ता स्नातकोत्तर तह र विद्यावारिधि तहका विद्यार्थी र स्वतन्त्र अनुसन्धान गर्नेहरू नै हुन् । त्रिविको पुस्तकालय भए पनि यसले सो विश्वविद्यालय बाहिरका विद्यार्थीलाई समेत सेवा पुऱ्याउँदै आएको छ । यस अर्थमा यो सार्वजनिक, राष्ट्रिय साथै शैक्षिक पुस्तकालय समेत बन्न पुगेको छ । केन्द्रीय विभाग अन्तर्गतका विद्यार्थी र अध्यापकहरूका लागि छुट्टै सदस्यता आवश्यक नभए पनि अन्य प्रयोगकर्ताले पुस्तकालयका स्रोत सामग्री प्रयोग गर्न सदस्य बन्नुपर्ने प्रावधान छ ।[६]

---

[६] त्रिवि, केन्द्रीय पुस्तकालयका लाइब्रेरीयन कृष्णमणि भण्डारीसँग २०६४ साउन ८ मा गरिएको कुराकानी ।

मिडियामा मात्र केन्द्रित राखेर सङ्ख्या ठ्याक्कै छुट्ट्याउन गाह्रो भए पनि यहाँ नेपाली मिडियासम्बन्धी गरिएका शोधपत्रको सङ्ख्या ठूलो छ ।[७] यस्तै, नेपालभित्रबाट पुस्तक प्रकाशन गर्ने संस्थाले त्रिविबाट आइएसबीएन लिने र त्यसपछि पुस्तक बुझाउने चलन छ । यस क्रममा बुझाइएका नेपाली मिडियाका केही पुस्तक यहाँ उपलब्ध छन् भने १०० देखि १५० को हाराहारीमा विदेशी मिडियाका पुस्तक पनि रहेका छन् । तिनका अलावा काठमाडौँबाट प्रकाशन हुने सबै ठूला दैनिक र चल्तीका साप्ताहिक पत्रिका, विभिन्न म्यागेजिनहरूका पुराना र नयाँ अङ्कको राम्रो सङ्कलन छ । अनुसन्धानकर्ताका लागि उपत्यकाका विभिन्न पुस्तकालयमध्ये यहाँ पत्रपत्रिकाको भौतिक प्रतिको सबैभन्दा ठूलो सङ्ग्रह उपलब्ध छ । यस पुस्तकालयमा पुराना पत्रपत्रिकालाई 'बाइन्डिङ' गरेर तथा एक वर्ष अघिसम्मकालाई 'लूज बाइन्डिङ' मा राखेर सबैका लागि पढ्ने सविधा उपलब्ध गराइएको छ । उदाहरणका लागि २०२५ देखिका *गोरखापत्र* र अन्य साप्ताहिक पत्रिका, २०४९ (स्थापनाकाल) देखिका *कान्तिपुर* दैनिक यहाँ उपलब्ध छन् ।[८] नेपाली छापा माध्यममा *कान्तिपुर*, *गोरखापत्र* वा अन्य कुनै पत्रिकाले विभिन्न कालखण्डमा उठाएका विभिन्न मुद्दाहरूलाई अनुगमन या विश्लेषण गर्न यो सुविधा लिन सकिन्छ । यसैले मिडिया अनुसन्धानको पूर्वाधार निर्माणमा यसले पुऱ्याएको सहयोग अमूल्य मान्न सकिन्छ । आफूलाई चाहिएको पुस्तक पाठक स्वयंले कम्प्युटर डेटाबेसमार्फत खोज्न सक्ने सुविधा यहाँ छ भने यसको रेफरेन्स कलेक्सनमा पाठक आफैँले र्‍याकबाट किताब निकालेर पढ्न पाउने सुविधा छ, जुन उपत्यकाका अन्य पुस्तकालयमा छैन ।

**केशर पुस्तकालय:** नेपाल सरकार शिक्षा तथा खेलकूद मन्त्रालयअन्तर्गत रहेको यो पुस्तकालय २०२६ सालमा स्थापना भएको हो । राणा प्रधानमन्त्री चन्द्रशमशेरका छोरा केशरशमशेरको निजी सङ्कलन नै यो पुस्तकालयको जग हो । सन् १९६४ मा केशरशमशेरको निधनपश्चात् उनको व्यक्तिगत सङ्कलनमा रहेका पुस्तक नेपाल सरकारलाई सुम्पिइएको थियो । काठमाडौँको केशरमहलमा अवस्थित यस

---

७ यसै पुस्तकको अध्याय १ मा उल्लेख भएअनुसार स्नातकोत्तर तहका लागि गरिएका शोधपत्रको सङ्ख्या २६२ छ । यीमध्ये २२० ओटा शोधपत्र त्रिविबाटै सम्पन्न भएका छन् ।

८ पुस्तकालयअन्तर्गत चर्चा गरिएका विभिन्न सामग्रीका तथ्याङ्कका आधार सम्बन्धित पुस्तकालयहरूले उपलब्ध गराएका हुन् । चौतारीको अनुरोधमा आफ्नो समग्र सङ्कलनबाट मिडियालाई मात्र छुट्ट्याएर यस्तो सूची उपलब्ध गराइएको थियो । यो सूची चौतारीको पुस्तकालयमा सार्वजनिक प्रयोगका लागि उपलब्ध छ । व्यक्तिगत प्रयोजनका लागि यस्तो सूचना दिने गरिएको छैन ।

पुस्तकालयको विशेषता पुराना हस्तलिखित ग्रन्थहरूका साथै पुराना पुस्तकहरू (केशरशमशेर आफैँले सङ्कलन गरेका सामग्री, प्रायः गरेर सन् १९६४ [वि.स. २०२२] भन्दा अघिका) पाइनु हो । दैनिक रूपमा पत्रपत्रिका पढ्न पनि सर्वसाधारण यो पुस्तकालयमा पुग्छन् तर पत्रपत्रिकालाई पछिसम्म प्रयोग गर्ने हिसाबले सङ्ग्रह गरिएको भने छैन । यहाँ मिडियासम्बन्धी विदेशी पुस्तक नौओटा र नेपाली मिडियाका आठओटा रहेको कुरा पुस्तकालयले उपलब्ध गराएको जानकारीमा उल्लेख छ । मिडियाका विदेशी पुस्तकको सङ्ख्या न्यून भए पनि यी दुर्लभ र अन्य पुस्तकालयको सङ्ग्रहमा नभएकाले मिडिया अनुसन्धानमा यो पुस्तकालयको छुट्टै महत्त्व छ । प्रमुख लाइब्रेरियन भोला श्रेष्ठ मिडियातर्फ पुस्तकालयको ध्यान जान नसकेको कुरा स्वीकार गर्छन् ।[९] पाठकले आफूलाई आवश्यक पुस्तक कम्प्युटर डेटावेसमार्फत खोज्न सक्ने सुविधा यहाँ छ ।

**काठमाडौँ उपत्यका सार्वजनिक पुस्तकालयः** काठमाडौँको भृकुटीमण्डपमा अवस्थित यो पुस्तकालय स्थापना र सञ्चालन भएको तीन वर्ष मात्र भएको छ । कुनै निश्चित विधाका पुस्तक वा स्रोत सामग्रीभन्दा सुरुमा विभिन्न व्यक्तिले उपहारस्वरूप दिएका जुनसुकै सामग्रीलाई व्यवस्थित गर्दै यसको सुरुआत भएको हो । यसरी आएका सामग्रीमा कतिपय पुस्तकहरू बजारमा नपाइने या दुर्लभ पनि छन् । पुस्तकालयले उपलब्ध गराएको जानकारीअनुसार यहाँ मिडियाका पुस्तक ११ ओटा मात्र छन् जसमध्ये पनि अधिकांश नेपाली मिडियाका रहेका छन् । प्रमुख लाइब्रेरियन जुजुभाई डङ्गोल मिडियाका सामग्री प्राथमिकतामा नभएकाले तिनको सङ्ख्या बढ्न नसकेको बताउँछन् ।[१०] दैनिक, साप्ताहिक, पाक्षिक पत्रपत्रिका पढ्न ठूलो सङ्ख्यामा पाठक पुग्ने यो पुस्तकालयमा पत्रपत्रिकालाई भविष्यका लागि सङ्ग्रह भने गरिएको छैन । कम्प्युटर डेटावेसमार्फत पाठकले आवश्यक पुस्तक खोज्न सक्ने सुविधा यहाँ छ ।

**नेपाल राष्ट्रिय पुस्तकालयः** ललितपुरको पुल्चोकमा अवस्थित नेपाल सरकारको मातहतमा रहेको यो पुस्तकालय २०१४ सालमा स्थापना गरिएको हो । राष्ट्रिय पुस्तकालयको प्रकृतिअनुसार नेपालभरबाट प्रकाशन भएका पुस्तक पत्रपत्रिका तथा अन्य सामग्रीको सङ्ग्रह गर्ने र सङ्गृहीत सामग्री सर्वसाधारण सबैका लागि

---

[९] भोला श्रेष्ठसँग २०६४ असार १९ मा गरिएको कुराकानी ।

[१०] जुजुभाई डङ्गोलसँग २०६४ असार २५ मा गरिएको कुराकानी ।

उपलब्ध गराउने उद्देश्य अनुरूप यसको स्थापना भएको हो । तर व्यवहारमा त्यसरी सबैतिरबाट पुस्तक आउन सकेका छैनन् । बरु भएका पुस्तक पनि हराउँदै जानुको नियति यसले भोगिरहेको छ । राज्यले नियमित रूपमा दिने अनुदानबाट पुस्तक र अन्य स्रोत सामग्रीको जोहो गर्नुपर्ने यसको बाध्यता छ । तर सरकारको प्राथमिकतामा यो पुस्तकालय पर्न सकेको छैन । यसको सञ्चालनका लागि केही समय जापानी अनुदान समेत प्राप्त भएको थियो तर त्यो अहिले बन्द भइसकेको छ । जापानी अनुदानबाट प्राप्त सहयोगले २०३९ देखि २०४८ सम्मका *गोरखापत्र* र *द राइजिङ नेपाल* तथा २०५०-२०५१ को *कान्तिपुर* दैनिकको माइक्रोफिल्म बनाइएको छ । तर माइक्रोफिल्म सुविधा कर्मचारी र बजेटको अभावमा चुस्त हुन सकेको छैन । २०५२ देखि २०६३ सम्मका सबै ठूला दैनिक पत्रिकाहरूको बाइण्डिङ गरिएको छ ।[११] यस्तै प्रमुख म्यागेजिनहरू *हिमाल, नेपाल, समय, मूल्याङ्कन*का सुरुदेखिका अङ्क पनि बाइण्डिङ गरी राखिएका छन् । पुस्तकालयको अन्य कक्षभन्दा बालबालिकाका लागि खोलिएको छुट्टै अध्ययन कक्ष व्यवस्थित छ । मिडियाका पुस्तक यसको प्राथमिकतामा नपरे पनि पछिल्लो अवधिका (सन् २००० पछिका) नेपाली मिडियाका पुस्तक उपलब्ध रहेको पुस्तकालयले जानकारी दिएको छ । विदेशी मिडियाका भने जम्मा छओटा पुस्तक मात्र रहेका छन् । तर पनि यी अन्य पुस्तकालयमा नभएकाले यिनको उपादेयता मिडिया अनुसन्धानकर्मीका लागि बढी नै छ । पुस्तकालयका सामग्री पाठक आफैँले कम्प्युटर डेटावेस मार्फत खोज्न सक्ने सुविधा यहाँ छ ।[१२]

**सोसल साइन्स बहाः** काठमाडौँको बत्तीसपुतली (पहिले ललितपुरको पाटनढोका) मा अवस्थित समाज विज्ञानका विविध विधामा सक्रिय बहाः पहिले हिमाल एसोसिएसनअन्तर्गत थियो । सन् २००७ को जनवरीपछि भने छुट्टै गैर सरकारी संस्थाका रूपमा दर्ता भई आफ्ना गतिविधि सञ्चालन गर्दै आइरहेको छ । समाज विज्ञानसम्बन्धी 'इमर्सन कोर्स' सञ्चालनदेखि विभिन्न विषयका 'लेक्चर' को आयोजना र पुस्तक प्रकाशनसम्म यसले गर्दैआएको छ । यिनै गतिविधिलाई सघाउन समाज विज्ञानका पुस्तकको सङ्कलन र तिनको सार्वजनिक उपलब्धताका

---

[११] राष्ट्रिय पुस्तकालयका प्रमुख लाइब्रेरियन दशरथ थापासँग २०६४ भदौ ९ मा गरिएको कुराकानी ।

[१२] लामो समय प्रमुख लाइब्रेरियन भएर यो पुस्तकालयमा काम गरिसकेका भोला श्रेष्ठ (हाल केशर पुस्तकालयमा कार्यरत) सँगको कुराकानी र पुस्तकालयको स्थलगत अवलोकनमा आधारित । श्रेष्ठसँग २०६४ असार १९ मा कुराकानी गरिएको थियो ।

लागि पुस्तकालय निर्माण गरिएको हो । यहाँ राजनीति, समाजशास्त्र, मानवशास्त्र, इतिहास विधाका पुस्तक प्रमुख रूपमा सङ्कलित छन् । साढे १६ हजार पुस्तक लगायत विभिन्न प्रतिवेदन र अन्य सामग्री समेत गरी कूल २२ हजार स्रोत सामग्रीको सङ्ग्रह रहेको यस पुस्तकालयमा समाज विज्ञानकै एक अङ्ग मिडियाका १५० भन्दा बढी पुस्तक सङ्गृहीत छन् । तुलनात्मक हिसाबले मिडियाका पुस्तकको अंश सानो भए पनि उपत्यकाका अन्य पुस्तकालय वा स्रोत सामग्री केन्द्रमा नभएका कतिपय पुस्तक यहाँ सङ्कलित छन् । साथै, प्रेस काउन्सिल नेपालले तयार पार्ने केही छानिएका पत्रपत्रिकाहरूका डिजिटल कपी पनि यहाँ उपलब्ध छन् ।[१३] पुस्तकालय प्रयोग गर्न सदस्यता अनिवार्य छ । सदस्य बनेको पाठकले आफूलाई आवश्यक सामग्री कम्प्युटर डेटावेसमार्फत खोज्न सक्छ ।

***अभिलेखालय***[१४]

**राष्ट्रिय अभिलेखालय:** नेपाल सरकारको पुरातत्त्व विभागअन्तर्गत रहेको यो अभिलेखालय काठमाडौँको रामशाह पथमा अवस्थित छ । यसको सङ्ग्रहमा पुराना सरकारी सनद, पुस्तक र मुख्यतया सरकारी अभिलेख छन् । मिडिया अनुसन्धानका लागि यो अभिलेखालयको उपादेयता केलाउँदा यहाँ वि. सं. १९५८ देखि निरन्तर प्रकाशन भएको *गोरखापत्र*का सुरुदेखि २०२८ सम्मका अङ्कहरू माइक्रोफिल्ममा भेट्न सकिन्छ । सो अवधि यताका *गोरखापत्र* चाहिँ बाइण्डिङमा पाउन सकिन्छ । अन्य पत्रपत्रिका र पुस्तक भने यसको सङ्ग्रहमा छैनन् । मिडिया साथै अन्य विषयमा अध्ययन अनुसन्धान गर्न चाहनेहरूका लागि *गोरखापत्र*ले विभिन्न कालखण्डमा निर्वाह गरेको भूमिका केलाउनका लागि यहाँ रहेको सङ्ग्रह उपयोगी छ । यो अभिलेखालयमा सर्वसाधारण गएर अध्ययन गर्न सक्छन् ।

**प्रेस काउन्सिल नेपाल:** नेपाल सरकारको सञ्चार सल्लाहकारको रूपमा २०२७ सालमा स्थापना भएको हो प्रेस काउन्सिल नेपाल । यो काठमाडौँको तिलगंगास्थित

---

१३ पत्रपत्रिकाको डिजिटल कपीभन्दा पहिले बहा:ले बाउन्ड कपी नै राखेको थियो । तर पुस्तकालयको स्थानाभावले भौतिक प्रति राख्न नसकेपछि केही ठूला दैनिक र साप्ताहिकको त्यो सङ्ग्रह मार्टिन चौतारीको मिडिया स्रोत सामग्री केन्द्रलाई उपहार स्वरूप प्रदान गर्‍यो । यो सङ्ग्रह अहिले चौतारीको केन्द्रमा सार्वजनिक प्रयोजनका लागि उपलब्ध छ ।

१४ यस खण्डमा चर्चा गरिएकामध्ये राष्ट्रिय अभिलेखालयबाहेक अन्यले आफूलाई अभिलेखालयको रूपमा नचिनाए पनि तिनले गर्दै आएको कामको आधारमा तिनलाई यसभित्र पारिएको हो ।

सञ्चारग्राममा अवस्थित छ । स्वायत्त निकायका रूपमा क्रियाशील यो संस्थाको कार्यक्षेत्र ठूलो भए पनि पत्रपत्रिकाको संपरीक्षण र वर्गीकरणले नै अधिकांश समय लिएको पाइएको छ । केही वर्ष यता भने यसले मिडिया अनुसन्धानका पूर्वाधार निर्माणमा आफ्नो सक्रियता बढाएको छ । यसअन्तर्गत अधिराज्यभरबाट २०३१ देखि प्रकाशन भएका पत्रपत्रिकाको यथासक्य सङ्कलनलाई डिजिटल सङ्ग्रह बनाउने काममा लागेको छ । एउटा सिडीमा एक महिनाको दैनिक पत्रिका राखिएको छ र यो सेवा सशुल्क प्रदान गर्ने गरिएको छ । पत्रपत्रिकाको अनुसन्धान गर्न चाहनेहरूले तिनको भौतिक प्रति राखिरहनु नपर्ने भएकाले यसको उपयोगिता अझै बढेको छ । तर यसमा कतिपय प्राविधिक कठिनाइ पनि देखिएका छन् । साथै एउटा सिडीमा एक महिनाका सबै अङ्क र पृष्ठ नहुने, सीडी प्रयोग गर्न गाह्रो हुने जस्ता समस्या पनि पाइएका छन् ।[१५] तर बजारको माग र प्रयोगकर्ताको टिप्पणीले यसमा सुधार ल्याउन सकिने काउन्सिलका अध्यक्ष राजेन्द्र दाहालको धारणा छ ।[१६]

काउन्सिलले विभिन्न व्यक्ति वा संस्थाले माग गरे अनुसारका न्यूज क्लिपिङ्सको पनि सशुल्क सेवा उपलब्ध गराउँदै आएको छ । यसले मिडियालाई विभिन्न कोणबाट र विभिन्न थरी पत्रपत्रिकामा आएका मुद्दालाई एकैपटक हेर्न चाहने अनुसन्धानकर्मीलाई सघाएको छ । यसबाहेक मिडियाका १३ ओटा पुस्तक र वर्षभरि देशभरका मिडिया अनुगमन गरेका आधारमा तयार हुने वार्षिक प्रतिवेदनहरू प्रकाशन गरेर मिडिया अनुसन्धानलाई सहयोग पुऱ्याउँदै आएको छ ।[१७] २०३० मा पहिलो संस्करण निस्केको *प्रकाशनको दिग्दर्शन* प्रेस काउन्सिलको सबैभन्दा पहिलो पुस्तक हो । २०६० सम्म चौथो संस्करणमा आइपुगिसकेको यो पुस्तक मिडिया अनुसन्धान र अध्ययन/अध्यापनमा अहिलेसम्म निरन्तर प्रयोगमा आइरहेको छ (प्रेस काउन्सिल नेपाल २०३०, २०३८, २०४९ र विरही २०६०) ।

---

[१५] स्क्यानिङ गरिएका पत्रिकाका अङ्कहरूलाई सीधै कम्प्युटरमा पढ्न सजिलो नभएकाले अनुसन्धानकर्ताका लागि सहज बन्न सकेको छैन । यसैले सीडीमा भएका सामग्रीलाई प्रिन्ट आउटमा पढ्नुपर्ने हुन्छ । सीडीलाई राम्रोसँग प्रोग्राम फर्म्याट नगरिएको हुनाले प्रयोगकर्ताले चाहेको सामग्री खोज्न योग्य हुन सकेको छैन ।

[१६] मार्टिन चौतारीद्वारा २०६४ साउन १७ मा आयोजित 'प्रेस काउन्सिलका अबका चुनौती' विषयक छलफलमा काउन्सिलका अध्यक्ष राजेन्द्र दाहालद्वारा दिइएको जानकारी ।

[१७] प्रेस काउन्सिल नेपालले २०३० देखि वर्षेनी वार्षिक प्रतिवेदन प्रकाशन गर्दै आएको छ । यस्ता वार्षिक प्रतिवेदनको सङ्ख्या हाल (२०६४ साउन) सम्म ३१ पुगिसकेको छ । यसबाहेक *काउन्सिल संहिता* नामक त्रैमासिक जर्नल प्रकाशनको गृहकार्यमा २०६३ बाट नै लागेको छ तर त्यो हालसम्म (२०६४ साउन अन्तसम्म) प्रकाशन भइसकेको छैन ।

**मदन पुरस्कार पुस्तकालयः** यो पुस्तकालय ललितपुरको पाटनढोकामा अवस्थित छ। यसले भाषा र साहित्यलाई आफ्नो सङ्ग्रहको प्रमुख लक्ष्य बनाएको छ। नेपालबाट निस्कने पुराना पत्रपत्रिकाहरू (खास गरी साहित्यिक) को राम्रो सङ्ग्रह भएको पुस्तकालय यही हो। पुराना म्यागेजिन र अन्य सामग्रीको सङ्कलनले मिडिया अनुसन्धानको सम्भावनालाई प्रचुर बनाएको छ। यहाँ अध्ययन/अनुसन्धानकर्ताले आफूलाई आवश्यक पुस्तकबारे एक दिन अगावै जानकारी गराएर मात्र प्रयोग गर्न पाउने व्यवस्था मिलाइएको छ। पुराना र दुर्लभ पत्रपत्रिकामा भने सुरक्षाका कारण सर्वसाधारणको पहुँच छैन। त्यसैले आफ्ना सङ्कलनमा रहेका दुर्लभ पुस्तक र पत्रपत्रिकाको दिगो संरक्षणका साथै पाठकमा सरल पहुँचका लागि तिनको माइक्रोफिल्म बनाउने कामतर्फ यो पुस्तकालयले विशेष ध्यान दिएको छ। सन् २००६ भित्रै सम्पूर्ण सामग्रीको माइक्रोफिल्म बनाइसक्ने र सर्वसाधारणका लागि उपलब्ध गराउने लक्ष्य राखिएको भए पनि २०६४ साउनसम्म सो कार्य भइसकेको छैन। २०६४ मङ्सिरसम्ममा माइक्रोफिल्मको नक्कल (डुप्लिकेट) प्रति तयार भएपछि मात्र सर्वसाधारणका लागि पुस्तकालयको सुविधा उपलब्ध हुने सो पुस्तकालयका निर्देशक अमर गुरुङ जानकारी दिन्छन्।[१८]

## पत्रकारितासम्बन्धी अध्ययन हुने ठाउँका पुस्तकालय

**रत्नराज्यलक्ष्मी क्याम्पस, पत्रकारिता तथा आमसञ्चार विभागः** काठमाडौँको प्रदर्शनीमार्गमा रहेको यो क्याम्पस पत्रकारिताको अध्ययन/अध्यापन थाल्ने देशकै जेठो क्याम्पस हो। विद्यार्थीहरूलाई लक्षित गरी पत्रकारिता विभागको छुट्टै पुस्तकालय स्थापनाका लागि कसरत भए पनि स्थापना हुन सकेको छैन। तर क्याम्पसअन्तर्गतको पुस्तकालयमा नेपाली र विदेशी गरी २०० (डुप्लिकेट कपी नदोहोऱ्याइकन) को हाराहारीमा मिडियासम्बन्धी पुस्तक छन्।[१९] यहाँको पत्रकारिता केन्द्रीय विभागको मान्यता पाएको भए पनि यसको अव्यवस्था र स्नातकोत्तर

---

[१८] अमर गुरुङसँग २०६४ साउन ११ मा गरिएको कुराकानी। सो कुराकानीमा गुरुङले दिएको जानकारीअनुसार पहिले पत्रपत्रिकाको माइक्रोफिल्म तयार पारी त्यसको सक्कल प्रति पुस्तकालयको सङ्ग्रहका लागि राखिने तथा सक्कलबाट उतारिएको नक्कल (डुप्लिकेट) लाई अनुसन्धानकर्ताको प्रयोगका लागि उपलब्ध गराइने छ।

[१९] पत्रकारिता तथा आमसञ्चार विभागका निमित्त प्रमुख बद्री पौड्यालसँग २०६४ असार १७ मा गरिएको कुराकानीमा प्राप्त जानकारी।

तहको अनुभवबारे टिप्पणी गर्दै सोही विभागका पूर्व प्रमुख लालदेउसा राईले 'दुई/तीन दराज पुस्तक भए पनि ती व्यवस्थित ढङ्गले सञ्चालन गर्ने जिम्मेवार कर्मचारी नभएको' उल्लेख गरेका छन् (राई २०६३: २२७) । आवश्यक सामग्री विद्यार्थी स्वयंले खोज्नेभन्दा विभागका कर्मचारीलाई किताबको नाम दिने र उसैले किताब भएमा खोजेर दिने चलन छ । विश्वविद्यालय आफैँले तयार पारेको पाठ्यक्रम अनुसारका सामग्री पनि यहाँ नपाइने कुरा सो क्याम्पसबाट पत्रकारितामा स्नातकोत्तर गरेका शुभराज शिल्पकार बताउँछन् ।[२०] उपलब्ध गराउनुपर्छ भन्ने सोचको अभाव अध्यापक र प्रशासन दुवैमा रहेको धारण सोही क्याम्पसमा अध्ययनरत अर्का विद्यार्थी सुरेश श्रेष्ठको छ ।[२१]

**कान्तिपुर सिटी कलेज:** यो काठमाडौँको पुतलीसडकमा अवस्थित छ । २०५८ देखि पत्रकारिता तथा आमसञ्चारमा स्नातकोत्तर तह सञ्चालन गरिरहेको यो कलेजको पुस्तकालयमा मिडियाका लागि छुट्टै पुस्तकालय त छैन तर कलेजमा पढाइ हुने अन्य विषयसँगै मिडियाका पुस्तक पनि राखिएका छन् । शीर्षक (टाइटल) अनुसार छुट्ट्याएर हेर्दा मिडियाको पुस्तक सङ्ख्या २०० छ । एउटै पुस्तक धेरै प्रति हुनाले पुस्तकको कूल सङ्ख्या भने १२०० रहेको पुस्तकालयका कर्मचारी सुजाता थापा जानकारी दिन्छिन् ।[२२] पुस्तकबाहेक अन्य सामग्री (प्रतिवेदन, कार्यपत्र आदि) त्यहाँ उपलब्ध छैनन् । विद्यार्थीहरूका लागि इन्टरनेटको सुविधा पनि छ जसमार्फत उनीहरू आफूलाई आवश्यक सामग्री अनलाइनमा खोज्न सक्छन् । क्याम्पसको दावीअनुसार पाठ्यक्रम अनुसारका सबैजसो पुस्तक राखिएका छन् । विद्यार्थीको मत भने यसमा फरक छ । यसबाहेक पुस्तकालयले *कान्तिपुर, गोरखापत्र, द काठमाण्डू पोष्ट, द हिमालयन टाइम्स* जस्ता केही दैनिक पत्रिकाहरू लिने गरेको छ । कलेजले आफ्ना विद्यार्थीलाई पुस्तकालय प्रयोगमा कुनै रोकटोक गरेको छैन । साथै अन्यत्रका विद्यार्थीले पनि अनुमति प्राप्त गरेर पुस्तकालयको उपयोग गर्न सक्छन् । स्रोतसामग्रीको आदानप्रदानबारे अन्य कलेज र संस्थाहरूसँग सम्बन्ध स्थापना गर्ने गृहकार्य भइरहेको कलेजका आमसञ्चार विभाग प्रमुख रामकृष्ण रेग्मी जानकारी दिन्छन् । आफ्ना विद्यार्थीलाई चाहिने

---

[२०] शुभराज शिल्पकारसँग २०६४ साउन ३ मा गरिएको कुराकानी ।

[२१] त्रिवि पत्रकारिता तथा आमसञ्चार विभाग, स्नातकोत्तर तह प्रथम वर्षका विद्यार्थी सुरेश श्रेष्ठसँग २०६४ साउन ३ मा गरिएको कुराकानी ।

[२२] सुजाता थापासँग २०६४ भदौ ३ मा गरिएको कुराकानी ।

मिडिया स्रोतका लागि अन्यत्र जान नपरोस् भन्ने सोच भए पनि व्यवस्थित मिडिया लाइब्रेरी बन्न सकेको छैन ।[२३]

**कलेज अफ जर्नालिज्म एण्ड मास कम्युनिकेसन:** २०५८ देखि नै पत्रकारितामा स्नातक र पत्रकारिता तथा आमसञ्चार र विकास सञ्चारमा स्नातकोत्तर तहको पठनपाठन भइरहेको यो कलेजले पनि पुस्तक, जर्नल र केही प्रतिवेदनसहितको पुस्तकालय स्थापना गरेको छ । यो कलेज काठमाडौंको तीनकुनेमा अवस्थित छ । विद्यार्थीलाई स्रोतले भ्याएसम्म पाठ्यक्रममा आधारित सन्दर्भ सामग्री र पुस्तक राखिएको कलेजका प्रिन्सिपल मञ्जु मिश्र बताउँछिन् ।[२४] यस्ता सामग्रीको सङ्ग्रह करिब ७०० (एउटै पुस्तक दोहोरिएकाले सङ्ख्या ठूलै देखिए पनि शीर्षक (टाइटल) छुट्टयाउँदा करिब २०० जति पुग्छ) को हाराहारीमा रहेको उनी जानकारी दिन्छिन् । पुस्तकालयले विविधताको स्वाद दिन नसकेको कुरामा मिश्रको स्वीकारोक्ति छ । क्याम्पसकै विद्यार्थीबाहेक अन्यले पुस्तकालय प्रयोग गर्न पाउँदैनन् ।

क्याम्पसस्तरीय सबै पुस्तकालयहरूको केही साझा विशेषता रहेका छन् । क्याम्पसका विद्यार्थीका लागि मात्र बनाइएका यस्ता पुस्तकालयका प्रयोगकर्ता सामान्यत: उनीहरू मात्रै हुन् । त्यो पनि नियमित विद्यार्थी मात्र (किनभने क्याम्पसको नियमित विद्यार्थी भएको अवधिभर मात्र कुनै पनि विद्यार्थीले पुस्तकालय प्रयोग गर्न पाउँछ) । त्यसैले यस्ता पुस्तकालयको उपयोगिता मिडिया अध्ययन/अध्यापनमा संलग्न सम्बन्धित क्याम्पसका विद्यार्थी/अध्यापकका तहमा मात्र सीमित छ । पत्रकारिता (मिडिया) पढाइ हुने क्याम्पसमा विभिन्न विषयहरूमध्ये एक भएकाले त्यही विषयमा मात्र धेरै किसिमका पुस्तक राख्न पनि नसक्नु यिनको अर्को साझा विशेषता हो । यो क्याम्पसको वार्षिक बजेट र त्यसमा पनि पुस्तकमाथि गरिने लगानीको प्रतिशतसँग जोडिन्छ । पुस्तकालयका सामग्रीमा विद्यार्थीभन्दा शिक्षकको पहुँच अझ सजिलो भएकाले लक्षित विद्यार्थी पनि यो सुविधाबाट बञ्चित हुनु, अध्यापकले लामो समयसम्म पुस्तक राखिरहनु र त्यसबाट विद्यार्थीले खोजेको पुस्तक नपाउनु पनि क्याम्पसका पुस्तकालयहरूको साझा विशेषताभित्र नै पर्छ । विशुद्ध विद्यार्थी भएर उपयोग गर्नुबाहेक मिडिया अनुसन्धानमा स्वतन्त्र रूपले लाग्न चाहनेहरूका लागि यी पहुँचमा छैनन् ।

---

[२३] रामकृष्ण रेग्मीसँग २०६४ असार ६ मा गरिएको कुराकानी ।

[२४] मञ्जु मिश्रसँग २०६४ जेठ २४ मा गरिएको कुराकानी ।

## पत्रकारितालाई ध्यान दिइएका संस्थाहरू

विभिन्न मिडिया/बीटमा कार्यरत पत्रकार/मिडियाकर्मीले सङ्गठित भएर आफ्नो उद्देश्य र विषय मिल्ने किसिमका विषय केन्द्रित संस्थाको स्थापना/सञ्चालन गरेका छन् जसमध्ये अधिकांशमा सम्बन्धित स्रोत सामग्रीको सङ्कलन गर्ने गरिएको छ । यस अतिरिक्त मिडियाइतरका विभिन्न क्षेत्र र विषयमा वकालत एवं अनुसन्धानलाई अघि बढाउने अभिप्रायले खुलेका संस्थाहरूले पनि आफ्नो कामका सिलसिलामा उत्पादन भएका अनुसन्धान प्रतिवेदन, पुस्तक, अडियो/भिडियो अर्काइभ, क्लिपिङ्स तयार पारेर तिनको सङग्रह सार्वजनिक रूपमा उपलब्ध गराउँदै आएका छन् । यस्ता प्रयासले मिडिया अनुसन्धानलाई आ-आफ्नो ठाउँबाट सघाइरहेका छन् । यस्ता सबै संस्थाको चर्चा गर्न सम्भव छैन । त्यसैले मिडियाका क्षेत्रमा लामो समयदेखि काम गर्दै आएका केही प्रमुख संस्थाका प्रयासलाई तल छोटकरीमा चर्चा गरिएको छ ।

**नेपाल वातावरण पत्रकार समूहः** काठमाडौंको थापाथलीमा अवस्थित, वातावरण संरक्षण तथा मिडिया वकालतमा सक्रिय यो समूहले आफूले गरिरहेका कामबारे अध्ययन अनुसन्धान गर्न चाहनेहरूका लागि स्रोत सामग्रीको सङ्कलन गर्दै आएको छ । छापा माध्यमबाहेक यो संस्थाले काम गर्ने मिडिया रेडियो र टेलिभिजन हुन् । समूहभित्रै सामुदायिक रेडियो सहयोग केन्द्र पनि सक्रिय छ । यो केन्द्रले सामुदायिक रेडियोलाई भौतिक, प्राविधिक र कार्यक्रम उत्पादनमा सहयोग पुर्‍याइरहेको छ । साथै सामुदायिक रेडियोबारे पुस्तक पनि प्रकाशन गर्दै आएको छ । नेपाल वातावरण पत्रकार समूह र सो अन्तर्गतको केन्द्रले प्रकाशन गरेका पुस्तकको सङ्ख्या १८ पुगिसकेको छ । यस्तै मिडिया र वातावरणका मुद्दा जोडेर गरिएका अध्ययन प्रतिवेदन, केही पुस्तक र पत्रपत्रिकाको सङ्ग्रह गरिएको छ । *आँखिभ्याल* रेडियो कार्यक्रम र *आँखिभ्याल* भिडियो पत्रिका आफ्नै स्टुडियोमा उत्पादन गरी साप्ताहिक रूपमा प्रसारण गर्दै आएको छ ।[२५] यी सामग्रीलाई उसले आफ्नै केन्द्रमा अध्ययनकर्ताको अनुरोध आएमा उपलब्ध गराउने गर्छ ।

---

[२५] सुरुमा नेपाल टेलिभिजनबाट प्रसारण हुँदै आएको यो कार्यक्रम केही समय कान्तिपुर टेलिभिजनबाट प्रसारण हुन्थ्यो । हाल पुनः नेपाल टेलिभिजनबाटै प्रसारण हुँदै आएको छ । कार्यक्रमको सङ्ग्रह प्रयोग गरेर एउटा अध्ययन पनि भइसकेको छ । नेपाली टेलिभिजनमा रिपोर्टिङको अवस्थालाई विश्लेषण गर्ने क्रममा अनुप सुवेदी (२०५९) ले नेपाल टेलिभिजनका अन्य तीन कार्यक्रमसँगै यो कार्यक्रमको पनि विश्लेषण गरेका छन् । मिडिया अनुसन्धानका लागि दृश्य सङ्ग्रहको योगदानलाई बुझ्न यो लेखले पनि सघाउँछ । यही कार्यक्रममा वातावरण पत्रकारिताको पक्षबाट हेरेर दस वर्षको मूल्याङ्कन पनि गरिएको छ । यसको मोहन मैनाली (२०६१) ले चर्चा गरेका छन् ।

**नेपाल प्रेस इस्टिच्यूट (एनपीआई):** २०४२ देखि पत्रकारिताका विभिन्न विषयमा तालिम दिँदै आएको यो संस्था काठमाडौँको थापाथलीमा अवस्थित छ। स्थापनाकालदेखि नै यसले दस महिने (हाल एक वर्षे) सशुल्क पत्रकारिता तालिम सञ्चालन गर्दै आएको छ। पत्रकारितासम्बन्धी तालिममार्फत जनशक्तिको उत्पादनमा सक्रिय यस संस्थाका तीनओटा क्षेत्रीय स्रोत सञ्चार केन्द्र (पूर्वाञ्चलको विराटनगरमा, पश्चिमाञ्चलको वुटवलमा र मध्यपश्चिमाञ्चलको नेपालगञ्जमा) पनि छन्। यसबाहेक पत्रकारिताका २० भन्दा बढी पुस्तकको प्रकाशन यसले गरिसकेको छ। संस्थाको प्रकाशन *पत्रकारिता हाते किताब* (अधिकारी २०५१) पत्रकारिताका प्रशिक्षार्थी र विश्वविद्यालयका विद्यार्थी माझ बढी प्रयोगमा आउने पुस्तकमध्ये एक हो। यो पुस्तक तेस्रो संस्करणसम्म आइपुगेको छ। तर केही वर्षयता एनपीआईको पुस्तक प्रकाशनको क्रम मन्द गतिमा छ। संस्था आफैँले दिने तालिमका प्रशिक्षार्थीहरूका लागि तयार पारेको पुस्तकालयमा पत्रकारितासम्बन्धी आधारभूत पक्षको जानकारी दिने पुस्तक पाइन्छन्। मिडियाका नेपाली र विदेशी गरी करिब २०० पुस्तक यो संस्थाको पुस्तकालयमा छन्।[२६] पुस्तकबाहेकका अन्य सामग्रीमा विराटनगर र नेपालगञ्ज क्षेत्रीय सञ्चार स्रोत केन्द्रबाट उत्पादन हुने फिचर सेवाका साथै इन्स्टिच्यूट आफैँले निकाल्ने *समाचार सन्देश* (हाल बन्द) का अङ्क यहाँ रहेका छन्। *खबर* द्वैमासिक (हाल बन्द) एनपीआईको अर्को प्रकाशन हो जसमा नेपालको पत्रकारिताका विविध विषयमा गरिएका टीका टिप्पणी र विश्लेषण पाइन्छन्। यसको सङ्ग्रह पनि यहाँको लाइब्रेरीमा छ।

**जागरण मिडिया सेन्टर:** यो सेन्टर काठमाडौँको बिजुलीबजार, नयाँबानेश्वरमा अवस्थित छ। यसले २०५८ साल (सन् २००२) देखि मिडिया र दलितसम्बन्धी वकालत गर्दै आएको छ। यसबाहेक रेडियो सगरमाथाबाट प्रसारण हुने दलितसम्बन्धी कार्यक्रम *कटुवाल*को उत्पादनमा पनि यो संस्था लागेको छ। यहाँ नेपाली र विदेशी गरी १५० जति मिडियाका पुस्तक छन्। यो सङ्ग्रहमा जातीय विभेद र मिडियाको सम्बन्ध जोडेका पुस्तकको सङ्ख्या उल्लेख्य रहेको सेन्टरका पूर्णसिं बराइली बताउँछन्। मिडिया अनुसन्धानकर्ताका लागि यो सेन्टरको महत्त्व भनेको यसले २०५७ देखिका छापामा आएका दलितसम्बन्धी समाचारको न्यूज क्लिपिङ्स उपलब्ध गराउनु हो। साथै सेन्टर आफैँले तिनै क्लिपिङ्सका

---

[२६] एनपीआई पुस्तकालयका कर्मचारी अजिता शर्मासँग २०६४ भदौ ३ मा गरिएको कुराकानी।

आधारमा छापामाध्यममा आएका दलितसम्बन्धी लेख/समाचार/सम्पादकीयको प्रत्येक छ/छ महिनामा अनुगमन गरी 'सञ्चार निगरानी' नामक प्रतिवेदन तयार गर्दै आएको छ। यसबाहेक संस्थाले उत्पादन गर्दै आएको फिचर सेवा (*जागरण लेखमाला*) पनि अनुसन्धानका सामग्री हुन्।[२७] अध्ययन/अनुसन्धान प्रयोजनका लागि संस्थाले आफ्नै हाताभित्र मात्र पुस्तक लगायतका सामग्री अध्ययन गर्न दिने गरेको बराइलीको भनाइ छ।

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक):** काठमाडौँको कलङ्की, स्युचाटारमा अवस्थित इन्सेकले मानवअधिकारका विभिन्न पक्षहरूमा अध्ययन अनुसन्धान गर्न चाहनेहरूका लागि उपयोगी पुस्तकालय निर्माण गरेको छ। यसले मानवअधिकारसँग सम्बन्धित घटना र समाचारहरूको न्यूज क्लिपिङ्स निर्माण गरी आवश्यक पर्ने व्यक्ति वा संस्थालाई उपलब्ध गराउने तथा *मानवअधिकार वर्ष पुस्तक*, बुलेटिन र मासिक म्यागेजिन (*इन्फर्मल*-अङ्ग्रेजीमा र *प्राची* नेपालीमा) प्रकाशन गर्ने गरेको छ। पुस्तकालयमा यी सामग्री त छन् नै, त्यसबाहेक नेपाली र नेपालबाहिरका मिडियासम्बन्धी करिब १५० शीर्षकका पुस्तक पनि उपलब्ध छन्। केन्द्र आफैँले उत्पादन गरी रेडियो नेपालमार्फत चलाउने *मानव अधिकार रेडियो शिक्षा कार्यक्रम*को अडियो रेकर्ड पनि अनुसन्धानकर्ताका लागि उपलब्ध छ। इन्सेकले मिडिया सामग्रीको सङ्ग्रह र उपलब्धतालाई आफ्नो मूल लक्ष्य बनाएको नभए तापनि यी सामग्री प्रयोग गरेर मिडिया र मानव अधिकारबीचको सम्बन्ध पहिल्याउन सजिलो हुन्छ।

**अस्मिता महिला प्रकाशन गृह, सञ्चार तथा स्रोत संस्था:** अस्मिता २०४५ देखि महिला र महिला विरुद्ध हुने विभिन्न हिंसाबारे सञ्चार अनुगमन, वकालत र अध्ययन अनुसन्धान गर्दै आएको संस्था हो। यो काठमाडौँको पुरानो बानेश्वरमा अवस्थित छ। यसले यस्ता अनुसन्धानका उपजका रूपमा नौओटा पुस्तक प्रकाशन गरिसकेको छ (उदाहरणका लागि हेर्नुहोस्, अस्मिता २०५९, २०६०, २०६२, थापा २०५७, पन्त २०६०, क्षेत्री र थापा सन् २००६)। संस्था आफैँले तीनओटा र अन्य संस्थाका लागि तीनओटा गरी छओटा अप्रकाशित प्रतिवेदन तयार पारिसकेको छ। मूलतः महिला र मिडियाको सम्बन्ध जोडेर गरिएका यस्ता अध्ययन अनुसन्धानले यी मुद्दाबारे जान्न सहयोगी तुल्याएको छ। संस्थाले

---

[२७] २०६४ भदौ ३ मा सेन्टरका पूर्णसिं बराइलीसँग गरिएको कुराकानी।

२०४५ देखि २०५८ सम्म *अस्मिता* नामक महिला विषयप्रधान मासिक पत्रिका प्रकाशन गरेको थियो जसको अधिकांश अङ्कमा 'सञ्चार निगरानी' स्तम्भअन्तर्गत विभिन्न सञ्चारमाध्यमले महिलाका विषयलाई कसरी (नकारात्मक/ सकारात्मक) उठाएका छन् भन्ने टिप्पणी गरिएको हुन्थ्यो । यसबाहेक संस्थाद्वारा उत्पादित भई रेडियो सगरमाथाबाट प्रसारित हुने गरेको रेडियो कार्यक्रम *शक्ति*लाई पनि मिडिया अनुसन्धानमा आवश्यक स्रोत सामग्रीका रूपमा लिन सकिन्छ । यी सबै सामग्रीलाई संस्थाले अनुसन्धानकर्ताको आग्रह बमोजिम उपलब्ध गराउँदै आएको छ ।

**शिक्षा पत्रकार समूहः** यो काठमाडौँको अनामनगरमा अवस्थित विभिन्न मिडियामा कार्यरत एवं शिक्षा क्षेत्रलाई आफ्नो 'वीट' बनाएका पत्रकारहरूको संस्था हो । शिक्षा क्षेत्रसँग सम्बन्धित विभिन्न विषयहरूमाथि छलफल र अनुसन्धान यसले गर्ने गतिविधि हुन् । यसले शिक्षासँग सम्बन्धित न्यूज क्लिपिङ्स र प्रकाशित/अप्रकाशित प्रतिवेदनहरू अनुसन्धान गर्न चाहनेका लागि खुला गरेको छ । यसबाहेक समूह आफैँले तयार पार्ने रेडियो कार्यक्रम *शिक्षाको नालीवेली*को अडियो रेकर्ड पनि अनुसन्धानकर्तालाई उपलब्ध गराउने गरेको समूहका सदस्य गणेश राई बताउँछन् ।[२८] मिडिया र शिक्षावीचको सम्बन्ध पहिल्याउन समूहको सङ्ग्रहले सघाउँछ ।

**नेपाल बाल मजदुर सरोकार केन्द्र (सिविन):** काठमाडौँको रविभवनमा अवस्थित सिविन बाल मजदुरका विभिन्न सवाल (बालबालिका विरुद्ध हुने घरेलु हिंसा, सडक बालक, बाल वेचबिखनलगायत) मा वकालत र पुनर्स्थापनाका कार्यक्रम सञ्चालन गर्दै आएको संस्था हो । बालबालिका र मिडियाको सम्बन्धबारे सघाउन केन्द्रले विभिन्न पत्रपत्रिकाले बालबालिकाका सवाललाई कसरी उठाएका छन् भन्ने कुराको अनुगमन गरी केही प्रतिवेदन पनि प्रकाशन गर्दै आएको छ (तुलाधर, मिति नखुलेको) । यसका साथै संस्थाले दैनिक रूपमा पत्रपत्रिकामा आएका सूचना, समाचार, विचार आदिलाई सङ्कलन गरेर राख्नुका साथै अध्ययन अनुसन्धान गर्न चाहनेहरूका लागि उपलब्ध गराउने गर्छ ।

**हातेमालो सञ्चारः** ललितपुरको कुपण्डोलमा रहेको हातेमालो सञ्चारले पनि बालबालिकासँग जोडिएर आउने मिडियाका सामग्रीहरू सङ्कलन गर्नुको साथै

---

[२८] गणेश राईसँग २०६४ साउन ११ मा गरिएको कुराकानी ।

अध्ययन/अनुसन्धानकर्ताको अनुरोधका उपलब्ध गराउने गर्छ। बालबालिका सम्बन्धी छापामा आएका सामग्रीलाई न्यूज क्लिपिङ्समा राखेको र संस्था आफैंले गरेका अध्ययनको प्रतिवेदन (श्रेष्ठ सन् २००२, सन् २००३ र सन् २००५) लगायत सम्बन्धित पुस्तकहरू पनि उपलब्ध गराउने गरेको हातेमालो सञ्चारका सौरभकिरण श्रेष्ठ बताउँछन्।[२९]

## रेडियो र टेलिभिजन कार्यक्रममा प्रसारित सामग्रीमाथिको पहुँच

माथि उल्लेख भएका विभिन्न पुस्तकालय, अभिलेखालय र संस्थाहरूमा भएका स्रोत सामग्रीहरू प्रायः छापा माध्यममा केन्द्रित छन्। त्यो उपलब्धताले छापामाध्यमको अनुसन्धान कार्यलाई निकै हदसम्म सहयोग पुऱ्याएको छ। नेपालमा विद्युतीय माध्यमले पनि उल्लेख्य फड्को मारेको छ। २०६४ साउन अन्तसम्ममा नेपालमा रेडियो नेपालका साथै अन्य ७७ ओटा एफएम रेडियोहरू सञ्चालनमा आइसकेका छन्। त्यस्तै प्रसारित टेलिभिजन च्यानलको सङ्ख्या पनि ७ पुगिसकेको छ।[३०] जसरी पत्रपत्रिकाका अङ्कहरूको सङ्ग्रहबाट त्यसका विषयवस्तु आदिबारे अध्ययन अनुसन्धान गर्नका लागि मार्ग प्रशस्त हुन्छ त्यसै गरी रेडियो वा टेलिभिजनमा बजेका सामग्रीको पनि सङ्ग्रह हुने हो भने त्यसबारेको अनुसन्धान कार्यलाई सहज रूपमा अगाडि बढाउन सकिन्छ। यद्यपि छापामाध्यमको तुलनामा विद्युतीय माध्यमबाट प्रसारित कार्यक्रमको अभिलेख राख्ने चलन त्यति छैन र भएका अभिलेखमाथि पनि अनुसन्धानकर्ताको पहुँच सीमित छ। सम्बन्धित प्रसारण गृहले राख्ने सीमित सामग्रीको सङ्ग्रहबाहेक बाहिरबाट यस्तो प्रयास हुन सकेको छैन।

नेपालमा झण्डै छ दशक लामो इतिहास बोकेको रेडियो नेपालले आफूकहाँ टेप लाइब्रेरीको स्थापना गरेको छ। तर यसमा गीत/सङ्गीतको सङ्कलन नै बढी छ, गीतसङ्गीत लोक, आधुनिक, पप आदि विभिन्न विधामा गरी ६० हजारभन्दा बढी। रेडियो नेपालबाट बज्ने गरेको समसामयिक कार्यक्रम *घटना र विचार*को सुरु (२०४७ असोज) देखि २०६० सम्मका कार्यक्रमको सङ्ग्रह गरिएको छ। सो यताका अवधिको भने सङ्ग्रह गरिएको छैन। अर्को समसामयिक कार्यक्रम *परिवेश*का केही प्रमुख अंशहरू (नियमित होइन) राखिएको छ। त्यस्तै सो

---

[२९] सौरभकिरण श्रेष्ठसँग २०६४ भदौ ३ मा गरिएको कुराकानी।

[३०] विद्युतीय सञ्चारलगायत नेपाली मिडियाको समग्र विकासबारे यसै पुस्तकको परिचय खण्डमा केही विस्तारमा चर्चा गरिएको छ।

लाइब्रेरीमा विभिन्न व्यक्तिहरूले विभिन्न अवसरहरूमा दिएका ऐतिहासिक महत्त्व राख्ने सम्बोधन र भाषणहरू तथा पुराना कलाकारका आवाज पनि राखिएको छ । रेडियो नेपालले प्रसारण गर्ने दैनिक कार्यक्रमको भने नियमित सङ्ग्रह छैन । रेडियो नेपालले टेप लाइब्रेरीमा भएका सामग्री अनुसन्धान प्रयोजनका लागि उपलब्ध गराउने गरेको उक्त लाइब्रेरीमा कार्यरत बबिता खनालको भनाइ छ ।[३१]

निजी क्षेत्रका एफएम रेडियोको अवस्था केलाउने हो भने नेपाल वातावरण पत्रकार समूहद्वारा सञ्चालित सामुदायिक रेडियो सगरमाथाले स्थापनाकालदेखिका सबै कार्यक्रमलाई सीडीमा सङ्ग्रह गरेर राखेको छ । यी सामग्रीलाई उसले अनुसन्धानकर्ताको आग्रह बमोजिम उपलब्ध गराउँछ । रेडियोमा बजिसकेका सामग्रीलाई विभिन्न कोणबाट विश्लेषण गर्न यो सङ्ग्रह उपयोगी छ ।[३२] दक्षिण एसियाकै पहिलो सामुदायिक रेडियोको पहिचान बनाएको रेडियो सगरमाथा 'टक रेडियो' का रूपमा परिचित छ । उपत्यकाका अन्य रेडियोले भने आफ्ना प्रसारित सामग्रीको सङ्ग्रहमा त्यतिसारो ध्यान पुऱ्याएका छैनन् । रेडियोका प्रस्तोताको रुचिअनुसार आफूलाई मन परेका र आफैँले चलाएका कार्यक्रमको रेकर्ड बनाएर निजी रूपमा सङ्ग्रह गरिएको कुरा बेग्लै हो तर संस्थागत रूपमा रेडियोबाट बजेका सामग्रीको सङ्ग्रह गर्ने काम एफएम रेडियोहरूले खासै गरेका छैनन् । बारम्बार बजाउनुपर्ने कारणले गीत सङ्गीतको सङ्ग्रह भने सबैकहाँ हुने भैहाल्यो । यसर्थ नेपाली समाजका विविध मुद्दाहरूबारे रेडियोमा कसरी आवाज उठेको थियो वा उठिरहेको छ भन्ने विषयमा अनुसन्धान गर्नु पर्दा रेडियो नेपालमा बजेका सीमित कार्यक्रम र रेडियो सगरमाथामा बाहेक अन्यत्र लगभग पहुँच नभएको अवस्था छ । मार्टिन चौतारीले काठमाडौँ र पोखराका एफएम रेडियोमा प्रसारित समाचार र संवादमूलक कार्यक्रमको अनुसन्धान (वन्त र अरू २०६२) गर्ने सिलसिलामा पनि विगतका समाचार वा संवाद कार्यक्रमको रेकर्ड धेरै कम रेडियो स्टेसनसँगमात्र रहेको पाइएको थियो । यसतर्फ रेडियो प्रसारक वा कार्यक्रम सञ्चालकहरूले ध्यान नदिएको चौतारीका अनुसन्धानर्ता शेखर पराजुलीले सोही पुस्तकमा प्रकाशित आफ्नो लेखमा समेत उल्लेख गरेका छन् (पराजुली

[३१] बबिता खनालसँग २०६४ भदौ १९ मा गरिएको कुराकानी ।

[३२] अर्काइभको उपयोग भएका केही उदाहरण अघि सार्न सकिन्छ । काठमाडौँ उपत्यकाका रेडियोहरूमा हुने अन्तरसंवाद कार्यक्रमबारे अनुसन्धान गर्ने क्रममा रेडियो सगरमाथाबाट प्रसारण हुने कार्यक्रम *आजका कुरा* र *डबली*का केही अङ्कहरू सुनिएको थियो । उपत्यकाका अन्य रेडियोहरूमा यस्तो सङ्ग्रह नभएको अवस्थामा सगरमाथाको यो सङ्ग्रह सामग्रीको विश्लेषण गर्नका लागि पर्याप्त सहयोगी थियो (भट्ट २०६२) ।

२०६२: ४०१) । यद्यपि त्यस बेला पोखरामा चलिरहेका चारओटै र काठमाडौँ उपत्यकामा चलिरहेका १३ ओटामध्ये अधिकांश एफएम रेडियोमा यस्ता कार्यक्रम प्रसारण हुन्थे ।

टेलिभिजनमा बजेका सामग्रीको सङ्ग्रह र तिनको उपलब्धतालाई हेर्ने हो भने त्यहाँ पनि रेडियोमा भन्दा भिन्न अवस्था छैन । नेपाल टेलिभिजन दृश्य सङ्ग्रहालयका कर्मचारी ईश्वरी भुसालले दिएको जानकारीअनुसार नेपाल टेलिभिजनले सामग्रीको प्रकार छुट्टयाएर सोही अनुरूप सङ्ग्रह गर्ने गरेको छ । सामग्रीलाई 'अर्काइभल भ्यालू' (सङ्ग्रह गर्नुपर्ने) र 'नन् अर्काइभल भ्यालू' (सङ्ग्रह गर्नु नपर्ने) गरी दुई किसिममा छुट्टयाइएको छ ।[३३] नेपाल टेलिभिजनसँग २०४५ देखिका 'अर्काइभल भ्यालू' का सामग्री सङ्कलन गरिएका छन् । 'नन अर्काइभल भ्यालू' का सामग्री भने बढीमा ६ महिनासम्म राखिने र त्यसपछि मेटाइने गरिन्छ । यस्तै २०५१ पछिका साँझ ८ बजे प्रसारण भएका समाचारहरूलाई पनि सङ्ग्रह गरी राखिएको छ । अनुसन्धानकर्ताको आग्रहमा यी सामग्रीमाथि पहुँच दिने गरिएको भुसालको भनाइ छ । तर त्यस्ता अर्काइभहरू नेपाल टेलिभिजनले व्यवस्था गरिदिएअनुसार त्यहीँ बसेर हेर्नुपर्ने हुन्छ, बाहिर लैजान वा कपी गर्न दिइँदैन । दृश्य सङ्ग्रहालयमा भएका सामग्रीको उपयोग गरेर नेपाल टेलिभिजनबाट प्रसारित केही कार्यक्रमबारे टिप्पणी गरिएका उदाहरण छन् । दीपा गौतमद्वारा लिखित *काँचको पर्दा: नेपाली टेलिभिजनमा महिला* पुस्तकमा नेपाल टेलिभिजनको दृश्य सङ्ग्रहालयको सहायता लिइएका थुप्रै सन्दर्भहरू छन् (गौतम २०६३) । यसले सामग्री सङ्गृहीत भए तिनको उपयोग कुनै न कुनै किसिमबाट हुने कुरालाई देखाउँछ ।

यस्तै कान्तिपुर टेलिभिजनमा केही छानिएका कार्यक्रम (जस्तै: *कान्तिपुर बहस, फायरसाइड*) को रेकर्ड राखिने गरेको छ । समाचारका हकमा एक हप्तासम्म राखिने र त्यसपछि मेटाइने सो टेलिभिजनमा कार्यरत उज्ज्वल प्रजापति बताउँछन् ।[३४]

---

[३३] २०६४ भदौ १२ मा नेपाल टेलिभिजन दृश्य सङ्ग्रहालयका ईश्वरी भुसालसँग गरिएको कुराकानीअनुसार नेपाल टेलिभिजनले गीत, टेलिफिल्म, वृत्तचित्र आदिलाई *सङ्ग्रह* गर्नुपर्ने सामग्री मानेको छ भने करेन्ट अफेयर्सभित्र रहेका कार्यक्रम (जस्तै *बहस, चिन्तन मनन* आदि) लाई सङ्ग्रह गर्नु नपर्ने सामग्रीभित्र राखेको छ । तर नेपाल टेलिभिजन आफैँ उत्पादक रहेको अवस्थाको *दिशानिर्देश* कार्यक्रमका भने प्राय: सबै अङ्कको सङ्ग्रह गरिएको छ । नेपाल टेलिभिजन बाहिरबाट उत्पादित *दिशानिर्देश*का २६ ओटा अङ्कहरूको रेकर्ड चाहिँ यसको दृश्य सङ्ग्रहालयमा छैनन् । ती अङ्कहरू सो कार्यक्रमका प्रस्तोता विजयकुमार पाण्डे आफैँले सङ्ग्रह गरेका छन् ।

[३४] उज्ज्वल प्रजापतिसँग २०६४ भदौ १२ मा गरिएको कुराकानी ।

सङ्ग्रहमा रहेका कार्यक्रम अनुसन्धान प्रयोजनका लागि आग्रह गरिएका खण्डमा उपलब्ध हुने पनि प्रजापतिको भनाइ छ। इमेज च्यानल टेलिभिजनका श्रीराम पौडेल कार्यक्रम सङ्ग्रहको कुनै निश्चित नीति नभएकाले कुनै कुनै महत्त्वपूर्ण कार्यक्रम मात्र सङ्ग्रहमा राखिने गरेको बताउँछन्। सङ्गृहीत सामग्रीमा अनुसन्धानकर्ताको आग्रह बमोजिम पहुँच दिइने पनि पौडेलको भनाइ छ।[३५]

## चौतारी–मिडिया स्रोत सामग्री केन्द्र

मार्टिन चौतारीले २०५७ साल पछि मिडिया अनुसन्धानलाई आफ्ना विभिन्न काममध्ये प्रमुख रूपमा अघि बढाएपछि मिडियासम्बन्धी भेटिए जति सामग्री सङ्कलन गर्दै आएको थियो। सङ्कलन गरिएको सामग्री भने अव्यवस्थित र चौतारीसम्बद्ध व्यक्तिबाहेकको पहुँचबाहिर थियो। यद्यपि यसलाई सार्वजनिक प्रयोजनका लागि उपलब्ध गराउने सोचाइ भने पहिल्यैदेखि थियो। सन् २००५ को डिसेम्बर (२०६२ पुस) देखि यस्ता सामग्रीलाई व्यवस्थित पार्ने काम सुरु भयो। मिडियासम्बन्धी स्रोत सामग्री सङ्कलनलाई आफ्नो मुख्य लक्ष्य बनाएपछि नभएका सामग्री बटुल्ने अभियानले तीव्रता पायो। स्रोत सामग्री दिएर विभिन्न संस्था तथा व्यक्तिहरूले सहयोग पुऱ्याए।[३६] सबै सामग्रीलाई व्यवस्थित गरेर २०६३ साउन २० मा सर्वसाधारणका लागि केन्द्र खुला गरियो जो माथि उल्लेख भएजस्तै मिडियाको विषय केन्द्रित पुस्तकालयको रूपमा विकास भएको छ। काठमाडौँको थापाथलीमा अवस्थित यो स्रोत सामग्री केन्द्रसँग भएका स्रोत सामग्रीबारे तल चर्चा गरिएको छ।[३७]

---

[३५] श्रीराम पौडेलसँग २०६४ भदौ ५ मा गरिएको कुराकानी।

[३६] सहयोग गर्ने संस्थाहरूको सूची लामै भए पनि यिनमा मुख्य गरेर नेपाल वातावरण पत्रकार समूह (नेवापस); हिमाल एसोसिएसन; अस्मिता; मिडिया सर्भिसेज इन्टरनेसनल (एमएसआई); दक्षिण एसिया मानव अधिकार मञ्च (साफर); मानव अधिकार तथा प्रजातान्त्रिक अध्ययन केन्द्र (सेहुर्डेस); दक्षिण एसियाली स्वतन्त्र पत्रकार सङ्गठन (साफ्मा नेपाल); प्रेस काउन्सिल नेपाल; नेपाल पत्रकार महासङ्घ; सञ्चारिका समूह; हातेमालो सञ्चार; एमएस नेपाल; एण्टेना फाउण्डेसन नेपाल, आइआइडिएस; नेपाल श्रम प्रतिष्ठान; द एसिया फाउण्डेसन; युनिसेफ नेपाल; अन्तर्राष्ट्रिय श्रम सङ्गठन र सामाजिक विकास तथा अनुसन्धान केन्द्र छन्। संस्थाबाहेक केहीले व्यक्तिगत रूपमा पनि आफूसँग भएका पुस्तक, प्रतिवेदन, कार्यपत्र, म्यागेजिन, जर्नल सहयोगस्वरूप उपलब्ध गराएका थिए। यसरी सहयोग गर्नेहरूमा विनयकुमार कसजू, प्रत्यूष वन्त, प्रमोद प्रधान, शिव रेग्मी, विनोद ढुङ्गेल आदि थिए।

[३७] यहाँ २०६४ साउन अन्तसम्ममा सङ्कलित स्रोत सामग्रीको अद्यावधिक जानकारी दिइएको छ।

**पुस्तक:** केन्द्रमा नेपाल भित्र र बाहिरका गरी कुल १७९६ ओटा पुस्तक सङ्कलन भइसकेको छ। नेपाल बाहिरको मिडियासम्बन्धी १३२९ ओटा पुस्तक छन् भने नेपाली मिडियासम्बन्धी अङ्ग्रेजी र नेपाली भाषाका गरी ४६७ ओटा पुस्तक छन्।[३८] नेपालबाहिरबाट प्रकाशित पुस्तकको सङ्ख्या नेपाली बजारमै पनि निकै ठूलो हुन्छ, सबै सङ्कलन गरेर साध्य हुँदैन। तसर्थ अनुसन्धानमा आधारित पुस्तकलाई पहिलो प्राथमिकतामा राखिएको छ भने पाठ्यपुस्तक चाहिँ विभिन्न विषय समेटिने हिसाबले मात्र किन्ने गरिएको छ। सकेसम्म नेपालका विश्वविद्यालयहरूले पाठ्यक्रममा राखेका पुस्तकलाई प्राथमिकता दिने गरिएको छ। तर उस्तै खालको विषयवस्तु समेटिएको एउटा पुस्तक खरिद गरिसकेपछि त्यस्तै विषयवस्तु दोहोरिने गरी पाठ्यपुस्तक किन्ने गरिँदैन। साथै अधिकांश पुस्तक एक प्रति (सिङ्गल कपी) मात्र छन्। सीमित स्रोतमा धेरै विषय (थिम) का पुस्तक उपलब्ध गराउने उद्देश्यले यो नीति अख्तियार गरिएको हो।

सङ्कलन भएका यस्ता पुस्तकलाई जेण्डर, द्वन्द्व/युद्ध, समाज र संस्कृति, राजनीति, प्रजातन्त्र र मिडिया, मिडियासम्बन्धी सैद्धान्तिक पुस्तकका साथै मिडिया कानुन र मिडिया अध्ययनका पाठ्यपुस्तक जस्ता ठूला शीर्षकभित्र पार्न सकिन्छ। तर मिडियाका पनि समाचारसम्बन्धी पुस्तक धेरै छन् भने अन्य विधाका बारेमा अध्ययन र विश्लेषण गरिएका पुस्तक थोरै छन्। बजारमा पनि यस्ता पुस्तक तुलनात्मक रूपमा कम पाइन्छन्। केन्द्रमा मिडियाका विभिन्न विधाहरूमध्ये छापा, रेडियो, टेलिभिजन र चलचित्रसम्बन्धी पुस्तकहरूको तुलनामा अन्य विधाहरू जस्तै विज्ञापन, रङ्गमञ्च, सूचना प्रविधि (अनलाइन मिडिया), फोटोग्राफी तथा फोटो पत्रकारितासम्बन्धी पुस्तक कम छन्। नेपाल, भारत, अमेरिका र बेलायतको पत्रकारितासम्वन्धी पुस्तक उल्लेख्य मात्रामा छन् भने बाँकी देशको मिडियासम्बन्धी पुस्तक तुलनात्मक रूपमा कम छन्।

**कार्यपत्र:** नेपालमा कुनै पनि विषयमा सेमिनारमा प्रस्तुत भएका कार्यपत्रको सङ्ग्रह गर्न ज्यादै गाह्रो छ। कतिपय अवस्थामा कार्यक्रम आयोजना गर्ने संस्था र कार्यपत्र प्रस्तुत गर्ने व्यक्तिसँग पनि ती हुँदैनन्। यस्ता कार्यपत्र सङ्कलन

---

[३८] काठमाडौँको पुस्तक बजारमा उपलब्ध पुस्तक छनोट गरी विभिन्न चरणमा किनिएको थियो। मिडियालाई पनि अझ वर्गीकृत गरेर चलचित्र र मिडिया छुट्ट्याइयो। यसका लागि चौतारीमै क्रियाशील मिडिया अनुसन्धान समूहको भूमिका रह्यो। नेपाली बजारबाहेक अन्तर्राष्ट्रिय बजारबाट पनि पुस्तक किनिएका थिए। खास गरी बेलायत र अमेरिकाको पुस्तक बजारबाट यी पुस्तक किनिएका थिए। पुस्तक किन्न र किनिएका पुस्तक आपसी सम्बन्धका विभिन्न व्यक्तिहरूमार्फत नेपाल पठाउन चौतारीकै सहकर्मी र विभिन्न व्यक्तिहरूले सहयोग गरेका थिए।

गरिरहेका संस्थाहरूलाई उपलब्ध गराउने संस्कृतिको पनि विकास भइसकेको छैन । मिडिया अनुसन्धानका लागि यिनको आफ्नै महत्त्व छ । व्यक्तिगत र संस्थागत दुवै सम्पर्कका आधारमा सङ्कलन गरिएका कार्यपत्रको सङ्ख्या २०६४ साउन अन्तसम्म १८४ पुगिसकेको छ । यसमा नेपाली भाषामा लेखिएका १२९ र अङ्ग्रेजी भाषाका ५५ छन् (हेर्नुहोस् अनुसूची २) ।

**अनुसन्धानमूलक लेखः** पुस्तक, जर्नल वा म्यागेजिनमा प्रकाशित नेपाली मिडियासम्बन्धी अनुसन्धानमूलक तथा विश्लेषणमूलक लेखहरू पनि केन्द्रमा सङ्ग्रह गरिएका छन् । २०६४ साउन अन्तसम्ममा यस्ता लामा लेखहरूको सङ्ख्या ४५६ पुगेको छ । तीमध्ये अङ्ग्रेजी भाषाका २२३ र नेपाली भाषाका २०३ ओटा छन् । मिडियासम्बन्धी जुन पुस्तक वा जर्नल केन्द्रमै सङ्ग्रह गरिसकिएका छन्, तिनमा रहेका लेखलाई यसरी बेग्लै सङ्ग्रह गरिएको छैन । केन्द्रमा सङ्ग्रह नभएका यस्ता पुस्तक, जर्नल र मिडिया बाहेकका विधामा प्रकाशित पुस्तक, पत्रिका वा जर्नलमा रहेका मिडियासम्बन्धी लेखहरूलाई मात्र यसरी सङ्ग्रह गरी व्यवस्थित ढङ्गले फाइल क्याबिनेटमा राखिएको छ ।

**शोधपत्रः** विभिन्न विश्वविद्यालयहरूमा स्नातकोत्तर तहमा लेखिएका शोधपत्रहरूको सङ्कलन पनि यहाँ गरिएको छ । त्रिवि केन्द्रीय पुस्तकालय, रत्नराज्यलक्ष्मी क्याम्पस, कान्तिपुर सिटी कलेज र कलेज अफ जर्नालिज्म एण्ड मास कम्युनिकेसन्स्बाट अध्ययन गरेका विद्यार्थी र सम्बन्धित क्याम्पससँग सम्पर्क/आग्रह गरी यस्ता शोधपत्रका कपी सङ्कलन गरिएको हो । यसै पुस्तकको अध्याय १ मा उल्लेख भएअनुसार नेपाली विश्वविद्यालयबाट उत्पादन भएका स्नातकोत्तर तहका शोधपत्रको संख्या २६२ पुगिसकेको छ । तीमध्ये केन्द्रको सङ्कलनमा स्नातकोत्तर तहका जम्मा ९४ ओटा छन् । एउटा शोधपत्र विद्यावारिधिको पनि छ । नेपालबाहिरका विश्वविद्यालयबाट सम्पन्न भएका नेपाली मिडियाबारे गरिएका स्नातकोत्तर र विद्यावारिधि दुवै तहका शोधपत्रहरूको सङ्ख्या भने ११ रहेको छ । यसरी नेपाल र नेपालबाहिरका विश्वविद्यालयका स्नातकोत्तर र विद्यावारिधिका गरी कुल १०६ शोधपत्रहरू केन्द्रमा छन् ।

**अप्रकाशित प्रतिवेदनः** विभिन्न सङ्घसंस्थाद्वारा वा व्यक्तिगत पहलमा गरिएका अध्ययन/अनुसन्धानका उपजका रूपमा आएका अप्रकाशित प्रतिवेदनहरू पनि चौतारीको सङ्कलनमा परेका छन् । प्रमुख रूपमा यस केन्द्रमा युनिसेफ-नेपाल, नेपाल प्रेस

इन्स्टिच्यूट, जागरण मिडिया सेन्टर, अस्मिता, सञ्चारिका समूह, नेपाल वातावरण पत्रकार समूह, एमएसआई आदि संस्थाहरूबाट उत्पादित प्रतिवेदन रहेका छन्। नेपाली मिडिया र अन्य विदेशी मिडियासम्बन्धी गरी कूल १४४ ओटा अप्रकाशित प्रतिवेदनहरू छन्। जसमध्ये नेपाली मिडियासम्बन्धी अङ्ग्रेजी भाषामा ८६, नेपाली भाषामा ३७ र विदेशका मिडियासम्बन्धी अङ्ग्रेजीमा २१ ओटा रहेका छन्।

**पत्रपत्रिका, म्यागेजिन र जर्नलहरूः** माथि उल्लिखित सामग्रीका अलावा विभिन्न पत्रपत्रिका तथा म्यागेजिन, जर्नल र स्मारिकाको पनि सङ्ग्रह गरेको छ। दैनिक पत्रपत्रिकातर्फ *गोरखापत्र, कान्तिपुर, द काठमाण्डू पोस्ट, नेपाल समाचारपत्र, द हिमालयन टाइम्स, स्पेसटाइम, स्पेसटाइम टुडे, नयाँसडक, नयाँदिशा र नयाँ पत्रिका* सङ्गृहीत छन्। *कान्तिपुर* दैनिकका २०५२ सालदेखिका अङ्कहरू छन् भने अन्य दैनिकहरू २०५७ साल यताका मात्र छन्। २०५७ सालपछि प्रकाशित *स्पेसटाइम, स्पेसटाइम टुडे, राजधानी, द हिमालयन टाइम्स, नयाँ सडक, नयाँदिशा नयाँ पत्रिका*का सबै अङ्कहरू यहाँ पाइन्छन्। साप्ताहिकतर्फ सुरुदेखिकै *नेपाली टाइम्स*, तथा २०६३ साल यताका *देशान्तर, छलफल, जनादेश, पुनर्जागरण, बुधबार, दृष्टि, नेपाली टाइम्स, घटना र विचार, नेपालीपत्र, साप्ताहिक विमर्श, जनआस्था* यस केन्द्रमा सङ्गृहीत छन्। म्यागेजिनहरूमा नियमिततर्फ *हिमाल खबरपत्रिका, नेपाल, समय, अस्मिता, मूल्याङ्कन*का सुरुआतदेखिका अङ्कहरू छन् भने बन्द भइसकेका *देउराली, सत्य, खबर, काठमाडौँ टुडे, सर्वोत्तम, स्वतन्त्रता र नेशन*का सबै अङ्कहरू छन्। *कामना*को २०५८ सालपछिका (त्यही पनि अनियमित रूपमा) *र साधना*का २०६३ सालपछिका अङ्कहरू छैनन्।

जर्नल, स्मारिका तथा मिडियासम्बन्धी विशेषाङ्कतर्फ नेपालबाट निस्कने *बहाः जर्नल, रूपान्तरणः समाज अध्ययन, मिडिया अध्ययन, कन्ट्रीब्यूसन्स् टु नेप्लीज स्टडिज, स्टडिज इन नेपाली हिस्ट्री एण्ड सोसाइटी*का सबै अङ्कहरू छन् भने नेपालबाहिरबाट प्रकाशन हुने *पब्लिक कल्चर, साउथ एसियन जर्नल, मिडिया एसिया, जर्नल अफ कम्युनिकेसन, मिडिया स्टडिज, विदुरा*का केही भोल्युमहरू छन्। यस्तै मिडियासम्बन्धी विभिन्न संस्थाहरू (नेपाल पत्रकार महासङ्घका विभिन्न शाखाहरू, एफएम रेडियो, दैनिक/साप्ताहिक पत्रपत्रिका) ले निकालेका स्मारिका तथा विभिन्न पत्रपत्रिकाका मिडियासम्बन्धी विशेषाङ्क पनि सङ्कलनमा छन्।

**न्यूज क्लिपिङ्सः** २०५४ सालदेखि २०६१ सालसम्म विभिन्न दैनिक, साप्ताहिक, पाक्षिक, मासिक आदि सबै पत्रिकामा आएका मिडियासम्बन्धी समाचार, लेख,

विचार आदिलाई समेटिएका न्यूज क्लिपिङ्स पनि उपलब्ध छन् ।[३९] यीमध्ये २०५७ सालसम्मका सानातिना समाचारहरू पनि क्लिपिङ्स बनाई राखिएको छ भने त्यस पछिको क्लिपिङ्स बनाउँदा अखबार वा म्यागेजिनका लेख र महत्त्वपूर्ण (वा प्रतिनिधिमूलक) समाचारहरू मात्र फोटोकपी गरेर राखिएको छ । चौतारीको मिडिया अनुसन्धान समूहले अनुसन्धान क्रममा यस्ता क्लिपिङ्सलाई केही विधामा विभाजन गरेर छुट्टै फाइलमा राखेको छ । तिनमा मिडिया जेनरल, क्षेत्रीय मिडिया, रेडियो, टेलिभिजन, पुस्तक प्रकाशन, विज्ञापन, फोटोग्राफी रहेका छन् । तर मिडियाको ठूलो सञ्जालभित्र पर्ने चलचित्र, थिएटर आदि क्लिपिङ्समा परेका छैनन्, तिनलाई आउँदा दिनमा समेट्ने योजना छ ।

**इन्टरनेट सुविधाः** पुस्तकलगायत विभिन्न स्रोत सामग्रीका अलावा अनुसन्धानकर्ताका लागि निःशुल्क इन्टरनेटको पनि सुविधा यो केन्द्रमा उपलब्ध छ । आर्थिक अभावका कारण समसामयिक र नौला स्रोत सामग्रीसम्म पहुँच नहुनेहरूलाई तीबारे जान्न यसले सहयोग पुऱ्याउँछ । अनलाइनमा उपलब्ध विभिन्न जर्नललगायतका सामग्रीले अनुसन्धानकर्ताका आवश्यकतालाई केही सघाएको हुन्छ । केन्द्रले त्रिवि केन्द्रीय पुस्तकालयसँग मिलेर पेरी अनलाइनमार्फत जे स्टोर र क्याम्ब्रिजका इ-जर्नल उपलब्ध हुने व्यवस्था पनि मिलाएको छ ।

### *स्रोत सामग्रीका प्रयोगकर्ता*

उपत्यकाका जुनसुकै पुस्तकालय हुन् या स्रोत सामग्री केन्द्र, सबैका सर्वाधिक प्रयोगकर्ता विद्यार्थी नै हुन् । विद्यार्थीबाहेकका प्रयोगकर्ता अध्येता, अनुसन्धानकर्ता र सर्वसाधारण हुन् । चौतारीको एक वर्षे अनुभवलाई हेर्दा सबै खालका व्यक्तिहरू केन्द्रसम्म आइपुग्ने गरेका देखिन्छन्, विशुद्ध पत्रपत्रिका पढ्नेदेखि अनुसन्धानमूलक पुस्तक, लेख या कार्यपत्र अध्ययन गर्नेसम्म । सर्वसाधारणका लागि खुला भएको दिनदेखि यसलाई उपयोग गर्नेहरूको संख्या दिनानुदिन बढ्दै गएको छ । तैपनि यो केन्द्रका अधिकांश प्रयोगकर्ता प्रायः क्याम्पसका विद्यार्थी नै छन् । त्यसमा पनि स्नातकोत्तर तहमा अध्ययनरत शोध लेख्ने विद्यार्थी बढी हुने गरेका छन् । त्यसबाहेक परीक्षाको बेलामा क्याम्पसका विभिन्न तहमा अध्ययनरत विद्यार्थीहरू

---

[३९] २०६१ यताका न्यूज क्लिपिङ्स अहिले उपलब्ध छैनन् । पुस्तकालय व्यवस्थापनका अन्य कामले गर्दा न्यूज क्लिपिङ्स अद्यावधिक हुने काम रोकिएको छ तर चौतारीको प्राथमिकतामा रहेकाले यसले चाँडै गति लिनेछ र अनुसन्धान/प्रयोगकर्ताका लागि उपलब्ध हुनेछ ।

बढी आएको पाइन्छ । अन्य बेलामा आउनेको सङ्ख्या तुलनात्मक रूपमा कम पाइएको छ । पत्रकारिता गरिरहेकाहरू तथा शोधार्थीबाहेकका अनुसन्धानकर्ताहरू कमैले मात्र पुस्तकालयको उपयोग गरेको पाइएको छ ।[४०]

त्यस्तै, पत्रकारिता पढाउने शिक्षकहरू पनि केन्द्रमा कमै मात्र आए । केन्द्रमा राखिएको उपस्थिति जनाउने पुस्तिकामा उल्लेख भएको संख्या २०६४ साउन अन्तसम्ममा १५०६ थियो । सामग्री उपयोग गरेर पनि आगन्तुक पुस्तिकामा नाम नलेख्नेहरूको संख्या पनि ठूलै छ । यो लगभग २५० को हाराहारीमा पर्ने अनुमान गर्न सकिन्छ । यसरी हेर्दा कुल सङ्ख्या १७५० हुन आउँछ । यो तथ्याङ्कलाई औसतमा निकाल्ने हो भने एक वर्षको अवधिमा हरेक महिनामा १४६ जनाले केन्द्रको प्रयोग गरेको देखिन्छ । जुन औसतमा दैनिक ६ जना हुन्छ ।[४१] आगन्तुक पुस्तिकामा टिप्पणी गर्ने खण्ड पनि छुट्टयाइएको छ । तर त्यो खण्ड सधैँ जसो खाली रहने गरेको छ । यसले सकभर टिप्पणी गर्न मन नपराउने प्रवृत्तिलाई उजागर गर्छ । यसबाट सेवा दिइरहेको संस्थालाई आफ्ना कमी कमजोरी थाहा पाउन भने गाह्रो भएको छ ।

केन्द्रसँग भएका सामग्रीको अधिकतम सार्वजनिक प्रयोग होस् भनेर चौतारीले आफ्ना नियमित छलफल शृङ्खलामा केन्द्र र यसमा उपलब्ध सामग्रीबारे सूचित गराउने, भित्ते पोस्टर टाँस्ने, इमेल–वेवसाइटको उपयोग गर्ने, व्यक्तिगत सम्पर्कमा रहेका व्यक्तिहरूलाई मौखिक जानकारी दिने र पत्रकारिताको पढाइ हुने क्याम्पसका विद्यार्थीलाई नै बोलाएर स्थलगत भ्रमणसम्मका तरिकाहरू प्रयोगमा ल्याउँदै आएको छ ।[४२] केन्द्रमा उपलब्ध भएका स्रोत सामग्रीलाई

[४०] यो जानकारी स्रोत सामग्री केन्द्रमा राखिएको आगन्तुक पुस्तिकामा उल्लेख भएको विवरण र प्रयोगकर्तासँग विभिन्न मितिमा गरिएका अनौपचारिक कुराकानी तथा अवलोकनमा आधारित छ ।

[४१] शनिबार बन्द रहने यो सेन्टर एक महिनामा करिब २५-२६ दिन मात्र खुला हुन्छ ।

[४२] गत वर्ष (२०६३) माघमा रत्नराज्यलक्ष्मी क्याम्पसमा सूचना टाँसेपछि सो कलेजका विद्यार्थी पुस्तकालयको प्रयोग गर्न आउने र मिडिया छलफलमा भाग लिने क्रम बढेको थियो । यसबाहेक अध्ययन तह केन्द्रित खुला छलफल अभ्यास पनि दुईपटक गरिएको थियो । सुरुमा २०६३ साउन २३ मा रत्नराज्यलक्ष्मी क्याम्पसका स्नातकोत्तर तह प्रथम वर्षका विद्यार्थीहरूसँग र २०६३ भदौ २७ मा कान्तिपुर सिटी कलेजका स्नातकोत्तर तह प्रथम सेमेस्टरका विद्यार्थीहरूसँग मिडिया सामग्री स्रोत केन्द्र र यसलाई उपयोग गर्न सकिने उपायबारे जानकारी दिने उद्देश्यले खुला छलफल गरिएको थियो । यसले पनि प्रयोगकर्ता बढाउन सहयोग पुऱ्याएको छ । यसबाहेक पछिल्लो समयमा हरेक बुधबार उपस्थित पाठकहरूले चाहेमा उनीहरूलाई भेला गरी यस केन्द्रमा भएका सामग्री र तिनलाई खोज्ने तथा प्रयोग गर्ने विधिबारे जानकारी दिने व्यवस्था गरिएको छ ।

कम्प्युटर डेटावेसमा राखिएको छ । प्रयोगकर्ताले आफूले चाहेको विषयका स्रोत सामग्री केन्द्रमा उपलब्ध कम्प्युटरमार्फत खोज्न सक्ने सुविधा उपलब्ध छ ।[४३]

## *सञ्चालनका चुनौती*

केन्द्रमा आएका प्रयोगकर्ताको सङ्ख्याबाट चिन्ता लिनुपर्ने अवस्था नभए पनि सन्तोष मान्न सकिने स्थिति भने छैन । यो सङ्ख्या बढाउन विशेष ध्यान दिन जरूरी छ । यस निम्ति खास गरी स्रोत केन्द्र र यससँग भएका सामग्रीबारे विभिन्न स्कूल, कलेज र इन्स्टिच्यूटका विद्यार्थीमाझ समूहगत छलफललाई निरन्तरता दिनुपर्ने देखिन्छ ।

वेवसाइटको उपयोग उत्तिकै उपयोगी विकल्प हो । केन्द्रमा भएका सामग्री बारेको जानकारीलाई वेवसाइटमा राख्न सके प्रयोगकर्ताले घरमै बसीबसी आफूलाई काम लाग्न सक्ने सामग्री के के रहेछन् भन्ने जानकारी प्राप्त गर्न सक्छन् । तर मानवीय स्रोतको कमीका कारण समयमा यो काम गर्न सकिएको छैन ।

सामग्री प्रयोग गर्न आउनेमध्ये केहीको आग्रह शनिवार र विदाको दिनमा पनि केन्द्रको सुविधा पाउनुपर्ने भन्ने थियो । प्रयोगका हिसाबले यसको राम्रो पक्ष भए पनि यससँगै जोडिएर आउने कुरा जनशक्ति र आर्थिक भार हो । यस्तै, केन्द्रमा भएका पुस्तक केन्द्रबाहिर (घरमा) पनि लैजान पाउनुपर्ने केही प्रयोगकर्ताको आग्रह थियो । केन्द्रमा आएर पढ्न समय हुँदैन, घरमा लैजान पाए पुस्तक पढ्न बढी समय दिन सकिन्छ भन्ने उनीहरूको तर्क थियो । आग्रहको तहमा यो स्वाभाविकै हो र पुस्तकालयको चलनका हिसाबले जायज पनि । यसप्रकार सामग्री प्रयोग गर्न दिन सदस्यताको व्यवस्था गर्न सकिन्छ र यस्तो व्यवस्थाबाट निश्चित आम्दानी पनि गर्न सकिन्छ । तर यो उत्तिकै जोखिमपूर्ण पनि छ । किनभने यो सामग्रीको सुरक्षासँग पनि जोडिन्छ । पुस्तकालयबाट लगिएका पुस्तक फिर्ता नहुने समस्या हामीकहाँ प्रशस्त देखिएका छन् । यस्तो रोगबाट त्रिवि केन्द्रीय पुस्तकालय आक्रान्त भएका समाचार बेलाबेलामा प्रकाशमा आउने गरेका छन् । यसबाहेक एक प्रति मात्र भएको पुस्तक एउटा पाठकले घर लगेर राखिदिँदा केन्द्रमै आउने अर्को प्रयोगकर्ताले प्रयोग गर्न पाउँदैन ।

---

[४३] हालसम्म पुस्तक, अप्रकाशित प्रतिवेदन र शोधपत्रलाई मात्र कम्प्युटर डेटावेसमा राखिएको छ । अन्य सामग्रीलाई विभिन्न 'प्रिन्टआउट' मा लेखक/सम्पादकका पछिल्लो नामको वर्णानुक्रम अनुसार विभिन्न फाइलमा उपलब्ध गराइएको छ । सङ्कलन गर्ने काम जारी हुने भएकाले प्रिन्टआउटलाई हरेक महिना अद्यावधिक गरिन्छ ।

सामग्रीको व्यवस्थापन गर्दा विभिन्न प्रकृतिका सामग्री सङ्कलनमा सन्तुलन कायम गर्नु पनि हुन सक्छ । अहिलेसम्म धेरै जसो प्रयास छापा माध्यममा उपलब्ध सामग्रीतर्फ केन्द्रित छ । यसबाहेकका अन्य स्वरूपमा त्यतिसारो ध्यान जान सकेको छैन । यद्यपि चौतारी आफैँले आयोजना गर्ने प्रत्येक छलफलको अडियो अर्काइभ बनाइएको छ भने यहाँ देखाइने चलचित्रका क्यासेट तथा सीडी पनि सङ्ग्रह गरी राखिएको छ । सम्बन्धित विषयमा अनुसन्धानका लागि कसैले हेर्न खोजेमा सङ्गृहीत फिल्म/डकुमेन्ट्री निःशुल्क रूपमा हेर्न सकिने व्यवस्था पनि छ ।[४४]

## निष्कर्ष

हिजोआज नेपाली बजारमा मिडियासम्बन्धी धेरै किसिमका पाठ्य सामग्री पाइन थालेका छन् । यिनमा स्वदेशी र विदेशी दुवै छन् । पुस्तक विक्रेताहरू पनि पाठकको रुचि अनुसारका पुस्तक तुरुन्तै ल्याइदिन सक्ने अवस्थामा छन् । तर क्रयशक्तिको सीमितता तथा त्यस्ता सामग्री कहाँ छन् भन्ने अज्ञानताका कारण ती सबै सर्वसाधारणको पहुँचमा हुँदैनन् । त्यसका लागि संस्थागत संरचनाको आवश्यकता हुन्छ । ती भनेका पुस्तकालय, अभिलेखालय वा स्रोत सामग्री केन्द्र नै हुन् । अरू विधाजस्तै मिडियासम्बन्धी सामग्रीमाथि अनुसन्धानकर्ताहरूको पहुँच बढाउने कार्यमा यी निकै उपयोगी हुन्छन् । खास गरी उपत्यकामा सञ्चालित विभिन्न पुस्तकालय, अभिलेखालय तथा स्रोत सामग्री केन्द्रले यस कार्यमा आ-आफ्नो क्षमताअनुसार सहयोग पुऱ्याउँदै गएका छन् । यसले नेपाली मिडियाको प्राज्ञिक अनुसन्धान कार्यलाई सहज बनाउँदै लगेको छ । तसर्थ यस्ता संस्थाहरू प्राज्ञिक अनुसन्धानका पूर्वाधार हुन् । यद्यपि मिडियासम्बन्धी सामग्रीको सङ्कलन र पहुँचमा सबैले पर्याप्त ध्यान दिन सकेका छैनन् ।

स्रोत सामग्री भएर मात्र पनि तिनको उपयोग आफैँ हुने होइन । सामग्रीमाथि प्रयोगकर्ताको पहुँच बढाउन उपत्यकाका पुस्तकालयहरूले पनि मेहनत गर्नुपर्ने

[४४] चौतारीमा हुने गरेका नियमित छलफलको सन् १९९७ देखि सन् २००५ सम्मको सङ्ग्रह अडियो क्यासेटमा उपलब्ध छ । तर क्यासेटको नियमित प्रयोग नगर्दा कुनै कुनै कार्यक्रमको रेकर्ड बिग्रिसकेको छ । यसको क्रम टुटेको हुनसक्छ । सन् २००५ अगस्ट यताका अवधिको डिजिटल अर्काइभ बनाइएको छ । चौतारीकै आफ्ना अनुसन्धानकर्ताबाहेक यिनको प्रयोग अन्यले आक्कलझुक्कल बाहेक गरेको देखिँदैन । श्रव्यदृश्यअन्तर्गत चौतारीले ५०० भन्दा बढी फिल्म र डकुमेन्ट्रीको सङ्ग्रह गरेको छ । अनुसन्धान प्रयोजनका लागि पाँच जनाभन्दा बढीको अनुरोध आएमा चौतारीकै टेलिभिजन प्रयोग गरी हेर्न पाउने सुविधा उपलब्ध गराइएको छ ।

हुन्छ । दिनानुदिन पाठकीय रुचिका सामग्रीमा पहुँच दिन सके त्यसले शोध⁄अनुसन्धानमा लागेकाहरूका लागि सजिलो त बनाइदिन्छ नै साथै कुन पुस्तकालयमा के कस्ता सामग्री पाइन्छन् भन्ने जानकारी पाउन पनि समय खर्चिनु पर्दैन । मिडिया स्रोत सामग्री केन्द्रको आग्रहले विभिन्न सार्वजनिक पुस्तकालय र संस्थाहरूले आफूसँग भएका मिडियाका स्रोत सामग्रीको सूची नै बनाउने र अन्य विधाका सामग्रीहरूसँग राखिएका मिडियासम्बन्धी सामग्रीलाई छुट्ट्याउने खालका अभ्यास पनि गरिरहेका छन् । यसले एक तहको काम भएको छ । स्रोत सामग्रीको उपलब्धताको जानकारीसँगै अहिले भइरहेका स्रोत सामग्रीको पनि अधिकतम प्रयोग कसरी गर्न सकिन्छ भन्ने कुरा प्रयोगकर्तामा पनि निर्भर हुन्छ । सामग्रीको विशिष्टीकरण गर्ने र तिनलाई उपलब्ध गराउने काम कमै भइरहेको स्थितिमा केही वर्षयता यस्ता प्रयास पनि विस्तारै देखा पर्न थालेका छन् । मिडियासम्बन्धी स्रोत सामग्रीको सकेसम्म सङ्कलन गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने मार्टिन चौतारीको कोसिस यिनै प्रयासहरूको पछिल्लो कडी हो ।

अहिले विभिन्न पुस्तकालयमा उपलब्ध स्रोत सामग्रीलाई नै विभिन्न तरिकाले पाठकीय पहुँचमा लैजान सकिन्छ । एउटा पुस्तकालयमा भएको पुस्तक⁄सामग्री अर्को पुस्तकालयले पनि किनेर राखिरहनुभन्दा पुस्तकालय सञ्जाल (लाइब्रेरी नेटवर्क) को निर्माण गर्नु एउटा विकल्प हुनसक्छ । यसका लागि एउटा पुस्तकालयको सदस्य भएको व्यक्तिले आफूसँग भएको कार्ड देखाएर उपत्यकाका अन्य ठूला पुस्तकालय वा स्रोत सामग्री केन्द्रमा रहेका सामग्रीको प्रयोग गर्न सक्ने वातावरणको चाँजोपाँजो मिलाउन सकिन्छ । सामग्री प्रयोग गर्न मिल्ने अन्य थुप्रै विकल्प पनि हुन सक्छन् जसको खोजी गर्नु आवश्यक छ ।